**नागरिकका कर्तव्य**
- राष्ट्रप्रति निष्ठावान् हुँदै नेपालको राष्ट्रियता, सार्वभौमसत्ता र अखण्डताको रक्षा गर्नु,
- संविधान र कानूनको पालना गर्नु,
- राज्यले चाहेका बखत अनिवार्य सेवा गर्नु,
- सार्वजनिक सम्पत्तिको सुरक्षा र संरक्षण गर्नु,
- हामी सबैले उल्लिखित नागरिक कर्तव्यको पालना गरौं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

PRATEEK DAILY

# प्रतीक
दैनिक

राष्ट्रिय 'क' वर्ग

eprateekdaily.com



निश्शुल्क प्रतीक दैनिक पढ्न चाहनुहुन्छ भने लग अन गर्नुहोस् ।

eprateekdaily.com

❖ वर्ष ३६ ❖ २०८० जेठ ०५ गते शुक्रवार // मृत भस्म नबन्दैमा झिल्को भैकन बल्नुछ // 2023 May 19 Friday ❖ मूल्य ५/- ❖ पृष्ठ सङ्ख्या ६ ❖ अङ्क २५८

## अलौंमा अतिक्रमित जग्गा खाली गराउन शुरू



तस्वीरः प्रतीक

राधेश्याम पटेल, परवानीपुर, ४ जेठ/

वीरगंज-१७ अलौंमा अतिक्रमित सार्वजनिक जग्गा खाली गराउने कार्य बिहीवारदेखि शुरू भएको छ । अलौंको मुंसीटोलामा रहेको साँघुरो सडकलाई साबिकको नक्शा अनुसार अतिक्रमित जग्गा खाली गराइ सडक र नाला निर्माणको काम शुरू भएको छ ।

वीरगंज महानगरपालिकाको सहयोगमा वडा कार्यालय अलौंले डोजर लगाएर सडक र पोखरीका अतिक्रमित जग्गा खाली गराउन लागेको वडाध्यक्ष सञ्जीवबहादुर छतकुलीले बताए । आज बिहानदेखि अलौंको मुंसीटोलाका ललन साह, सोनालाल पटेल, दरोगा पटेल, वीरबहादुर पटेल, गौरीशङ्कर यादव, पन्नालाल पटेललगायतका घर डोजर लगाएर भत्काइएको छ ।

उनीहरूले सार्वजनिक जग्गा मिचेका थिए । यसअघि वडा कार्यालयले सडकको साबिक लम्बाइ-चौडाइ निकाल्न महानगरपालिकाबाट अमिन खटाएर चिनो लगाएको थियो ।

त्यस्तै, पोखरीको अतिक्रमित जग्गा खाली गर्न तीन दिनको अल्टिमेटम दिइएको वडाध्यक्ष छतकुलीले बताए ।

नगरप्रमुख राजेशमान सिंह पनि अतिक्रमणविरुद्धको अभियानमा सक्रिय देखिएका थिए । घटनास्थलमा पुगेका नगरप्रमुख सिंहले ३२ वटै वडामा अतिक्रमणविरुद्धको अभियान सञ्चालन भइरहेको र सार्वजनिक, ऐलानी जग्गा अतिक्रमणमा परेको सूचना प्राप्त भए हटाउने भन्दै उनले यसबारेमा सूचना दिन आग्रह पनि गरे ।

अलौंमा भएको अतिक्रमणविरुद्धको अभियानमा प्रमुख प्रशासकीय अधिकृत लक्ष्मीप्रसाद पौडेल, भौतिक संरचना अतिक्रमण नियन्त्रण समितिका संयोजक वडाध्यक्ष प्रदीप चौरसिया, वडाध्यक्ष जगतसाह कानू, नेकाका ओमकृष्ण लामिछाने, सचिवालय सल्लाहकार हरि पोखरेल, जनसम्पर्क सल्लाहकार नवराज फुयाँल, नगरप्रहरी प्रमुख हरि भुसाललगायतको सहभागिता थियो ।

## पानीले खेती सपर्ने किसानहरूको विश्वास

प्रस, सेढवा, ३ जेठ/

बुधवार राति आएको हावाहुरीसँगै परेको वर्षाका कारण चैते धानबालीका साथै अन्य बालीलाई फाइदा पुगेको छ ।

लामो समयपछि पानी पर्दा विभिन्न बालीहरूलाई फाइदा पुगेको किसानहरूले बताए । चैते धानबालीको रोपाइँ भएपछि एकपटक पनि पानी नपरेकोले किसानहरू समस्या खेपिरहेका थिए ।

पानी पर्दा सिंचाइ भएर बाली हुर्कन सहयोग हुने ठोरी गापा-५ क्षेत्रीलाइनका किसान बलराम कोर्माेचाले बताए । धानबालीको साथै अहिले लगाइएका सुर्ती, उखु, मकै तथा विभिन्न प्रकारका तरकारीबालीलाई फाइदा पुगेको कोर्माेचाले बताए ।

जीराभवानी गापा-२ का किसान अमृत चौधरी थारूले हिजो परेको पानीले किसानहरूलाई वर्षेबाली धानखेतीका लागि खेत तैयारी गर्न सहज भएको बताए । लामो समयदेखि पानी नपरेर जमीन सुक्खा भएर कडा भएको थियो । जसले गर्दा खनजोत गर्न निकै समस्या भएको थारूले बताए । हिजो परेको पानीले खेत नरम भएकोले खनजोत गर्न र आलीको सरसफाइ गर्न मदत पुगेको किसान चौधरीले बताए ।



तस्वीरः प्रतीक

पानी परेपछि अहिले किसानहरूले खेतको आलीको सरसफाइ तथा ट्याक्टरबाट फालीले खेत खनजोत गर्न थालेका छन् ।

वर्षा हुनुअगाडि खेत जोताइ गर्दा धूलैधूलो हुनुका साथै जमीन कडा भएर जोताइ गर्न निकै समय लाग्ने गरेको किसानहरूले बताएका छन् ।

पानीको अभावमा रूखमा रहेका आँप र कटहर झर्दै आएका थिए । तर गएरातिको वर्षाले फल झर्ने क्रम कम हुने किसानहरूले बताए ।

पानी नपरेको धेरै समय बितेको हुँदा ग्रामीण भेगका कच्ची तथा ग्राभेल बाटो धूलाम्य भएका थिए । पानीले शीतल पनि महसूस भएको ग्रामीण बासिन्दाहरूको भनाइ छ । गएराति हावाहुरी आए पनि के कति क्षति पुगेकोबारे सूचना प्राप्त भएको छैन ।

## युरिया मल बरामद

प्रस, रौतहट, ४ जेठ/

राजपुर नगरपालिका-६ बाट सुरक्षाकर्मीले युरिया मल बरामद गरेको छ ।

भारतबाट भन्सार छली भित्र्याइएको मल विभिन्न स्थानमा लुकाएर राखेको अवस्थामा चार सयभन्दा बढी बोरा युरिया मल बरामद गरिएको जिल्ला प्रहरी कार्यालय, रौतहटले जनाएको छ ।

बिहीवार दिउँसो ३ बजे राजपुर नगरपालिका-६ पानीटङ्की चोकका विभिन्न स्थानमा लुकाइछिपाइ राखेको अवस्थामा उक्त परिमाणको युरिया मल बरामद भएको प्रहरीले जानकारी गराएको छ ।

जिप्रका, रौतहटले बरामद मल गौर भन्सार कार्यालय चलान गर्ने जानकारी गराएको छ ।

यसअघि वैशाख ३१ गते प्रहरीले राजपुरबाट नै एक हजार बोरा युरिया मल बरामद गरी गौर भन्सार



तस्वीरः प्रतीक

कार्यालयमा बुझाएको थियो । तर सो मल भोलिपल्टै तस्करसँग सेटिङ गरेर रु १० लाख दुई हजारमा भन्सारले बिक्री गरेको प्रहरीको आरोप छ । प्रहरीले सो मलको मूल्याङ्कन रु २० लाख दुई हजार गरेको थियो । गौर भन्सार कार्यालयका प्रमुख वासुदेव नेपालमाथि मल लिलामीको सूचना प्रकाशन नगरी प्रक्रिया मिचेर तस्करलाई सुम्पेको आरोप छ ।

गौर भन्सारका सूचना अधिकारी रेवतीराम रोक्काले सड्ने गल्ने वस्तुलाई तत्कालै लिलाम गर्नुपर्ने भन्सार ऐनमा उल्लेख भएकोले सूचना प्रकाशित नगरी तत्कालै बोलकबोल प्रक्रियाबाट लिलाम गरिएको बताए । उनले मलसँगै पक्राउ परेका दुईजनालाई रु २० लाख धरौटीमा छाडिएको बताए ।

## वीरगंजमा एनआइसिसिआई गठन

### नेपाल-भारतको साझा समस्याप्रति दुवै सरकार गम्भीर हुनुपर्छ

### - प्रमुख अतिथि शर्मा

प्रस, परवानीपुर, ४ जेठ/

निजी क्षेत्रको वकालत गर्न वीरगंजमा अर्को सङ्गठन स्थापना भएको छ । नेपाल-भारत उद्योग वाणिज्य सङ्घ, वीरगंज शाखाको स्थापना भएको हो ।




तस्वीरः प्रतीक

वीरगंजमा आयोजित एक समारोहमा सङ्घको घोषणा गरिएको हो । कार्यक्रमका प्रमुख अतिथि एवं मधेस प्रदेशका पूर्वमन्त्री ओमप्रकाश शर्माले निजी क्षेत्रको समस्या उठान एवं देशको अर्थतन्त्रलाई बलियो बनाउन एनआइसिसिआईको वीरगंजमा स्थापना हुनु सुखद भएको चर्चा गर्दै दुवै देशका साझा समस्यालाई वकालत गर्नको लागि यो सङ्गठन आगामी दिनमा दत्तचित्त भएर काम गर्नुपर्ने सुझाव दिए ।

उनले नेपालको सबैभन्दा नजीकको साथी भारत भए तापनि कतिपय घटनामा भारतलाई असल मित्र नठान्ने परिपाटीले पनि समस्या उत्पन्न हुने भएकोले दुवै देशबीच आपसी सद्भाव र सहकार्य हुनुपर्नेमा जोड दिए । उनले वीरगंजमा भारतीय पर्यटक बढाउनको लागि उनीहरूले भारु दुई सय र पाँच सयका नोट भारतबाट सहजरूपमा लिएर आउने नीति नेपाल सरकारले बनाए वीरगंजमा भारतीय पर्यटकको सङ्ख्यामा वृद्धि गर्न सकिनेमा जोड दिए ।

कार्यक्रममा विशिष्ट अतिथि वीरगंज महानगरका प्रमुख राजेशमान सिंहले वीरगंजका उद्योगी-व्यवसायीले आफ्नो स्वार्थसिद्ध गर्नको लागि मात्रै सङ्गठन र पद लिन नमिल्ने भन्दै वीरगंजमा रोजगार सिर्जनाका लागि पनि सोच्न आग्रह गरे । उनले वीरगंजका निजी क्षेत्र सम्बद्ध सङ्गठनहरूले प्रतिबद्धता गरे आफूले वीरगंज मनपाभित्रै दुई सय बिघा जग्गा उपलब्ध गराउने दाबी गरे ।

"तपाईंहरू तयार हुनुस्, म जग्गा देखाइदिन्छु । कलकारखाना, औद्योगिक कोरिडोर बसाल्नु र वीरगंजका युवालाई रोजगार दिन शुरू गर्नुस्," उनले भने, "उद्योग सबै नेपालमा, कामदार सबै भारतको । यदि नेपालमा कारखाना खोलेर भारतीय मजदूरलाई रोजगार दिनु छ भने वीउवासङ्घ, एनआइसिसिआई, पर्सा च्याम्बर अफ कमर्सलगायतका संस्थाहरूको के काम ?"

एनआइसिसिआईकी अध्यक्ष सिर्जना राणाको अध्यक्षता एवं वरिष्ठ उपाध्यक्ष नीरज अग्रवालको सहजीकरणमा भएको कार्यक्रममा नेपाल उद्योग वाणिज्य महासङ्घ मधेस प्रदेशका अध्यक्ष अशोक टेमानी, महासङ्घका केन्द्रीय सदस्य एवं नेपाल चामल दाल तेल सङ्घका अध्यक्ष सुबोध गुप्ता, वीउवासङ्घका अध्यक्ष अनिल अग्रवाल, पूर्वअध्यक्ष अशोक बैदलगायतको सहभागिता थियो ।

अभिषेक चौधरी अध्यक्ष रहेको एनआइसिसिआईको वरिष्ठ उपाध्यक्ष

(बाँकी अन्तिम पातामा)

## औलो रोग नियन्त्रणसम्बन्धी सरोकारवालाको बैठक

प्रस, वीरगंज, ४ जेठ/

पर्सामा औलो (मलेरिया) रोग



तस्वीरः प्रतीक

नियन्त्रणसम्बन्धी सरोकारवालाहरूको बैठक सम्पन्न भएको छ । स्वास्थ्य कार्यालय, पर्साको आयोजनामा सम्पन्न बैठकमा सरोकारवालाहरूले सन् २०२५ सम्म राष्ट्रिय लक्ष्यअनुरूप औलो नियन्त्रणका लागि आआफ्नोस्तरबाट पहल गर्ने भनी प्रतिबद्धता जनाएका थिए ।

नेपालको तथ्याङ्क अनुसार चालू आवमा ३८ वटा स्थानीय र ४५३ वटा आयातित बिरामी फेला परेका छन् । पछिल्लो दुई आर्थिक वर्षमा औलोको सङ्ख्या घट्ने क्रममा थियो तर अहिले वृद्धि भएपछि नेपाल सरकार तथा स्वास्थ्य निकाय चिन्तित भएको छ । आव २०७६/७७ मा स्थानीय १०२, आयातित ५१७ बिरामी थिए भने २०७५/७६ मा स्थानीय ४४०, आयातित बिरामीको सङ्ख्या ६२५ थियो ।

त्यसैगरी, २०७४/७५ मा स्थानीय ५५७, आयातित बिरामी ६३० र २०७३/७४ मा स्थानीय ४९२ र आयातित बिरामी ६३६ बिरामी थिए । त्यसैगरी, चालू आवमा प्रदेशस्तरीय तथ्याङ्क हेर्ने हो भने कोशीमा १३, मधेसमा ४४, वाग्मतीमा २९, गण्डकीमा २०, लुम्बिनीमा १४२, सुदूरपश्चिममा १०५ कुल ४९१ बिरामी फेला परेको तथ्याङ्क जानकारी गराइएको थियो ।

मधेस प्रदेशका ४४ वटा बिरामीमध्ये पर्सा, बारामा एक/एक, रौतहटमा तीन, सर्लाहीमा २३, महोत्तरीमा तीन, धनुषामा १०, सिराहामा दुई, सप्तरीमा एकजना बिरामी फेला परेका छन् ।

औलो रोगका बिरामीलाई लामखुट्टेले टोकेपछि औलो रोगको परजीवी रगत चुसेसँगै उक्त लामखुट्टे पनि सङ्क्रमित हुन्छ र त्यही सङ्क्रमित पोथी लामखुट्टेले अन्य मानिसलाई टोक्दा औलो

(बाँकी पाँचौं पातामा)

## विचारसार र सूक्तिहरू

**जसरी पानीले आगो निभाउँछ, त्यसैगरी ज्ञानबाट मानसिक दुःख शान्त गर्नुपर्छ। मन शान्त भएपछि शारीरिक दुःख पनि टाढा हुन्छ।**


प्रकाशक : प्रतीक प्रकाशन समूह प्रा. लि., वीरगंज-११
प्रधान सम्पादक : जगदीशप्रसाद शर्मा
व्यवस्थापक/सम्पादक : विकाश शर्मा
सम्पादक : शत्रुघ्न नेपाल/ खड्गबहादुर श्रेष्ठ (प्रताप)
समाचार सम्पादक : आर. के. पटेल
बारा विशेष प्रतिनिधि : गम्भीरा सहनी
मुद्रक: प्रतीक प्रकाशन समूह प्रा. लि. (अफसेट छापाखाना)
त्रिमूर्ति सिनेमा हल रोड, श्रीपुर, वीरगंज-११ (नेपाल), पोस्ट बक्स नं. ७९, फोन नं. ०५१-५२५१२२, ५२३१०५
email: prateekdaily@gmail.com
Website: eprateekdaily.com


# नैतिकता र सदाचारको खडेरी

**कुनै पनि समाज वा मुलुकलाई सधैं इमानदार नेतृत्वको खाँचो हुन्छ। अहिले हाम्रो मुलुकको राजनीतिक क्षेत्रमा नैतिकता र सदाचारको खडेरी परेको छ। नैतिकता र उच्च इमानदारिता देखाउनुपर्ने पदाधिकारी र नेतृत्वमाथि बारम्बार अहङ्कार र नैतिक आचरणका प्रश्न उठ्ने क्रम बढ्दो छ। व्यक्तिगत तहमा कुन काम उचित र कुन काम अनुचित छुट्याउने, व्यावसायिक तहमा पेशागत मान्यता अवलम्बन गर्ने, सङ्गठन तहमा कार्यमूलक संस्कृतिको विकास गर्ने र सामाजिक तहमा समुदायको चाख एवं चाहनाप्रति संवेदनशील बन्ने परिपाटी करीब शून्य अवस्थामा पुगेको छ। यसले गर्दा समाजमा ठूला तथा पुराना राजनीतिक अनुहारप्रति जनविश्वास गुम्दै गएको पाइन्छ। जुन तथ्य केही अघि सम्पन्न उपनिर्वाचनको परिणामले पनि पुष्टि गरिसकेको छ। राज्य सञ्चालकले नागरिकको मन तथा विश्वास दीर्घकालीनरूपमा टिकाइराख्न सक्ने मुख्य हतियार नैतिकता र आचरण हो। हाम्रो पूर्वीय दर्शनले पनि "नीतिले कमाऊ, रीतिले बाँध र पिरतिले बाँच्न देऊ" भनेको छ। वास्तवमा राज्य सञ्चालकमा नैतिकताको मात्रा कति महत्त्वपूर्ण रहेछ भन्ने कुरा हाम्रो मुलुकको वर्तमान अवस्थाले दर्शाइरहेको छ।**

**पूर्वीय दर्शनको कुरा छोडेर आधुनिक राज्य प्रशासनको कुरा गर्दा पनि छिमेकी मुलुक चीनका राष्ट्रपति सी जिनपिङ नेपाल आउँदा उनले एक सार्वजनिक अभिव्यक्ति दिएका थिए–"नेतृत्वले जनताप्रति इमानदारिता, प्रतिबद्धता र सुशासनमा ध्यान दिनुपर्छ।" विश्वमा सबैभन्दा कम भ्रष्टाचारमा गनिने देश डेनमार्क, जहाँ कार्यालय जाँदा साइकल चढेर जाने गरिन्छ। बेलायतका प्रधानमन्त्रीले कोरोना सङ्क्रमणको समयमा पालन गर्नुपर्ने मापदण्ड पालना नगर्दाको कारण अविश्वास प्रस्तावको सामना गर्न तयार भएका थिए। तर हाम्रो राजनीतिमा यतिबेला नैतिकता भन्ने पनि केही थियो र भन्ने संशय खडा गर्नेगरी अनैतिकताको दलदलमा भासिरहेको र नैतिकता ढलिरहेको अवस्था छ। सत्तामा अडिन र सत्ता प्राप्त गर्नका निम्ति जतिसुकै तिकडमबाजी, जालझेल अपनाउने र जिम्मेवार कुर्सीमा पुगेपछि जनतासँग गरेको सारा प्रतिबद्धता तिलञ्जलि दिएर भ्रष्टाचार गर्न जुनसुकै हदसम्म पनि गिर्ने प्रवृत्ति देखियो। शिक्षित क्षेत्र विद्यार्थी राजनीतिबाट शिखरमा पुगेका एवं युद्ध तथा क्रान्तिको भट्टीबाट खारिएर शक्तिमा पुगेका नेताहरूसमेत भूटानी शरणार्थी प्रकरणमा मुछिएको पाइयो।**

**लोकतान्त्रिक संस्कृतिविपरीत, आफ्नो मान्छे भनेर जुनसुकै क्रियाकलापलाई पनि राजनीतिक दृष्टिले संरक्षण दिँदै जाने हो भने नैतिकता र आचरणका शब्दावलीको केही अर्थ रहँदैन। तसर्थ, राजनीतिलाई निजी व्यवसाय वा निजी लाभ आर्जन गर्ने माध्यमका रूपमा लिनु राजनीतिको चरम दुरुपयोग हो। हरेक शासक–प्रशासकले नीति तर्जुमा गर्दा सुशासन प्रतिविम्बित हुनेगरी गर्नुपर्छ। यस क्रममा शासक/प्रशासकबीच सम्बन्ध पनि महत्त्वपूर्ण पक्ष हो। किनभने जनमैत्री सार्वजनिक सेवा प्रदान गर्नका लागि शासक र प्रशासक नै जिम्मेवार हुन्छन्। अहिले निर्वाचित तीनै तहका जनप्रतिनिधि पनि आआफ्ना स्वार्थ र चिनजानका आधारमा आफ्नो सरकार मा मन मिल्ने कर्मचारी तान्ने र नमिल्ने हुत्याउने गरिरहेका छन्। शासक/प्रशासनबीचको सम्बन्ध पनि उनीहरूको नैतिकता, सदाचार तथा इमानदारितामा भर पर्छ। जुन सम्बन्धको प्रत्यक्ष असर नागरिक सेवामा परिरहेको हुन्छ।**

# शङ्घाई सहयोग सङ्गठन र भारत

स्वतन्त्र विचार




श्रीमन्नारायण
an_shriman@yahoo.com


**एससिओ पनि नयाँ विश्व व्यवस्थाको पक्षमा छ किनभने अमेरिकी नेतृत्वको पश्चिमी व्यवस्था एससिओलाई मन परेको छैन। भारतको आवश्यकतालाई रूस र चीन सहभागी क्षेत्रीय सङ्गठनले महसूस गरेको छ भने अमेरिका र पश्चिमेली राष्ट्र सहभागी सङ्गठनले पनि महसूस गर्दै आएको छ।**

दक्षिणी छिमेकी भारतको आकर्षक एवं पर्यटकीय शहर गोवामा हालै शङ्घाई सहयोग सङ्गठन (एससिओ)का विदेशमन्त्रीहरूको बैठक सम्पन्न भएको छ। यस बैठकले आउँदो जुलाई महीनामा हुने यसका सदस्य राष्ट्रहरूका राष्ट्राध्याक्षहरूको बैठकका लागि एजेन्डा (कार्यसूची) समेत निर्धारण गरेको छ। बैठकमा इरान र बेलारूसलाई यसको सदस्य राष्ट्रको रूपमा मान्यता दिनुका साथै चिनियाँ र एशियाली भाषाका अतिरिक्त अङ्ग्रेजीलाई पनि यसको औपचारिक भाषाको मान्यता दिने निर्णय गरेको छ। बैठकमा अफगानिस्तान आतङ्कवाद, कनेक्टिभिटी, आर्थिक सहयोग र वैश्विक समस्याहरूसित जोडिएका विषयहरूमा पनि गहन छलफल भयो।

शङ्घाई सहयोग सङ्गठन एउटा प्रभावशाली आर्थिक र सुरक्षा समूह हो तथा यो सबैभन्दा ठूलो अन्तरक्षेत्रीय अन्तर्राष्ट्रिय सङ्गठनहरूमध्ये एउटा प्रभावशाली सङ्घ हो। यसको स्थापना सन् २००१ मा शङ्घाईमा सम्पन्न एउटा सम्मेलनले गरेको थियो, जसमा रूस, चीन, किर्गिस्तान गणराज्य, कजाकिस्तान, ताजिकिस्तान र उज्बेकिस्तानजस्ता देश सामेल थिए। भारत र पाकिस्तान सन् २०१७ मा यसको स्थायी सदस्य भए। हालै सम्पन्न एसिसिओको गोवा सम्मेलनबाट संयुक्त अरब इमिरात (युएई), म्यान्मा, माल्दिभ्स, कुबेत र बहरिनलाई वार्ता साझेदारका रूपमा सामेल गराउने निर्णय भयो। जबकि इरान र बेलारूसलाई पूर्णकालिक सदस्य बनाउने निर्णय गरियो।

एससिओको गोवा बैठकमा विभिन्न १५ वटा विषयमा सहमति कायम भयो जसलाई आउँदो जुलाई महीनामा हुने राष्ट्रप्रमुखहरूको बैठकमा अन्तिम रूप दिइने छ र सार्वजनिक पनि गरिने छ। विदेशमन्त्रीहरूको यस परिषद् बैठकमा आधिकारिक भाषाको रूपमा अङ्ग्रेजीलाई सामेल गर्ने निर्णय भएको छ। अहिलेसम्म रूस र चीनको भाषा म्याट्रिमनलाई नै आधिकारिक भाषाको मान्यता प्राप्त थियो। बैठकमा अफगानिस्तान, कनेक्टिभिटी, आर्थिक सहयोग र वैश्विक समस्यासित जोडिएका विषयमा छलफल भएको थियो। यस बैठकमा सामेल हुन पाकिस्तानका विदेशमन्त्री बिलावल जरदारी भुट्टो पनि आएका थिए। सम्भवतः १२ वर्षपछि कुनै पाकिस्तानी विदेशमन्त्री भारत आएका थिए। पाकिस्तानी विदेशमन्त्री भारत आउनुको सकारात्मक प्रभाव दुई देशबीचको सम्बन्धमा परेको देखिएन। यसको प्रमुख कारण पाकिस्तानका विदेशमन्त्री बिलावल भुट्टो स्वयं नै थिए किनभने उनले नै भारतका प्रधानमन्त्रीबारे गलत टिप्पणी गरेका थिए।

हाल भारत र पाकिस्तानबीच तनाव उत्पन्न हुनुको प्रमुख कारण भारतले आफ्नो जम्मु एवं कश्मीर प्रान्तको सम्बन्धमा लिएको एउटा संवैधानिक निर्णय (धारा ३७० को पुरानो प्रावधानको खारेजी) हो। पाकिस्तानलाई यो निर्णय मन परेको छैन जबकि भारतले भने पाकिस्तानको नियन्त्रणमा रहेको कश्मीरलाई आफ्नो अभिन्न अङ्ग ठान्दै पिओके (पाकिस्तानको नियन्त्रणमा रहेको कश्मीर) विना आफ्नो देशको जम्मु कश्मीर अधूरो रहेको दाबी गर्दै आएको छ। साथै पाकिस्तानमाथि भारतमा हुने गरेको आतङ्कारी क्रियाकलापका लागि जिम्मेवार ठान्दै आएको छ। केही वर्ष अघि भारतको संसद् भवनमा भएको आतङ्कारी घटनामा एकजना पाकिस्तानी नागरिक पक्राउ पनि परेका थिए जसलाई पछि भारतमा फाँसी दिइएको थियो। कश्मीर विषयले नै दुई देशको आपसी सम्बन्धलाई बलियो हुन दिएको छैन। अहिले पाकिस्तानमा आर्थिक सङ्कट छ, खाद्यान्नको पनि समस्या छ साथै राजनीतिक अस्थिरता र गृहयुद्धको अवस्था पनि छ तर पाकिस्तान चाहेर पनि भारतसित सुमधुर सम्बन्ध कायम गर्न सक्दैन।

बैठकमा भारतका विदेशमन्त्री एस जयशङ्करले सीमापारिबाट हुने आतङ्कारी घटनाको विषयलाई उठाउने काम गरेका थिए जबकि पाकिस्तानका विदेशमन्त्रीले कूटनीतिक सम्बन्ध विस्तारमा जोड दिएका थिए। भारतका विदेशमन्त्री एस जयशङ्करले त पाकिस्तानका विदेशमन्त्रीलाई आतङ्कवादको प्रवक्ताको संज्ञा दिएका थिए।

शङ्घाई सहयोग सङ्गठनमा सामेल सदस्य राष्ट्रहरूको जनसङ्ख्या, विश्वको औसतमा ४२ प्रतिशत छ, जबकि विश्वको कुल जिडिपीको लगभग २५ प्रतिशत मात्र छ। १९औं शताब्दीमा सामरिक चिन्तक हाफर्ड मैकिडरले भनेका थिए कि युरेशियामा शासन गर्नेले पूरै विश्वमा शासन गर्न सक्नेछ। यस सङ्गठनको सामरिक महत्त्वलाई सजिलै बुझ्न सकिन्छ। रूस–युक्रेन मुद्दाका कारण विगतका दिनमा वैश्विक स्तरमैं समीकरण अस्तव्यस्त भएको छ। चीन र अमेरिकाबीच कटुता बढेको छ भने रूस र चीन सामरिकरूपमा एकअर्का नजीक आएका छन्। शीतयुद्धताका चीन अमेरिकी खेमामा थियो। चीनको अहिलेको आर्थिक विकासमा अमेरिकाको योगदान महत्त्वपूर्ण रहिआएको छ। एससिओ पनि नयाँ विश्व व्यवस्थाको पक्षमा रहेको छ किनभने अमेरिकी नेतृत्वको पश्चिमी व्यवस्था एससिओलाई मन परेको छैन। भारतको आवश्यकतालाई रूस र चीन सहभागी क्षेत्रीय सङ्गठनले महसूस गरेको छ भने अमेरिका र पश्चिमेली राष्ट्र सहभागी सङ्गठनले पनि महसूस गर्दै आएको छ।

हुनत विदेशमन्त्रीहरूको बैठक राष्ट्राध्यक्षहरूको जुलाईमा हुने बैठकका लागि एजेन्डा निर्धारण गर्नको लागि मात्रै भएको मानिन्छ तर यथार्थमा यसका निर्णयहरू पनि भइसकेका छन् जसको घोषणा औपचारिकरूपमा दुई महीनापछि मात्रै हुनेछ। भारतले सन् २०१८ मा नै एससिओका लागि केही एजेन्डा निर्धारण गरिदिएको थियो जसमा सुरक्षा, आर्थिक सहयोग, कनेक्टिभिटी (आबद्धता), एकता, सम्प्रभुता र एकताको सम्मान, पर्यावरण सुरक्षालगायत विषयहरू थिए। याबहार बन्दरगाहमार्फत मध्यएशियालाई कनेक्टिभिटीको सुविधा प्राप्त हुनेछ। वाराणसीलाई एससिओ टुरिज्म क्यापिटल घोषित गरिएको छ। स्टार्टअप र पारम्परिक चिकित्सा पद्धति (जस्तो कि आयुर्वेद)का लागि कार्य समूह बनाइएको छ। यस सङ्गठनमाथि शुरूका डेढ दशकमा रूस र चीनको प्रभाव रहिआएको हो। कतिपय देशहरू रूस र चीनको भूमिकाबाट सन्तुष्ट छैनन्। भारतका कारण यो सङ्गठन सन्तुलित बन्न सकेको भनाइ यसका कतिपय सदस्य राष्ट्रहरूको रहेको छ। भारत दक्षिण एशियाली देश भएको कारण मध्य एशियाका देशहरूको पनि यसमाथि विश्वास रहेको छ।

चीनको बेल्ट एन्ड रोड इनिसिएटिभको बढ्दो प्रभावलाई पनि सन्तुलनमा ल्याउन भारतजस्ता देशको भूमिकालाई एससिओका कतिपय राष्ट्रहरूले आवश्यक ठानेका छन्। गत सेप्टेम्बरमा भएको एससिओको बैठकमा भारतका प्रधानमन्त्री नरेन्द्र मोदीले रूसका राष्ट्रपति भ्लादिमिर पुटिनलाई शान्तिपूर्ण वार्ताको माध्यमबाट समस्याको समाधान खोज्न सुझाव दिएका थिए।

भारत एकातिर एससिओमा सहभागी छ भने अर्कोतिर क्वाडको पनि सदस्य छ। अर्थात् पूर्व, मध्य र पश्चिमलाई पनि भारतमाथि विश्वास रहेको मान्न सकिन्छ। भारत संयुक्त राष्ट्र सुरक्षा परिषद्‌को स्थायी सदस्य पनि हुन चाहन्छ। एउटा चीनबाहेक सुरक्षा परिषद्का सबै सदस्य राष्ट्रहरूले भारतको समर्थन गर्दै आएका छन्। भारत विश्वको सबैभन्दा ठूलो लोकतन्त्र हुनुका साथै विश्वमा सर्वाधिक जनसङ्ख्या भएको देशको रूपमा पनि चर्चित छ। सुरक्षा परिषद्‌को ढाँचा अस्तित्वमा आएको निकै समय भइसकेको छ तसर्थ सन्तुलनको हिसाबले पनि भारतको प्रतिनिधित्व आवश्यक भएको छ। सुरक्षा परिषद्‌मा जापान र जर्मनीको पनि चर्चा छ तर उपरोक्त दुवै देश पश्चिमाकै समर्थक हुन्। एशियाबाट थप एउटा प्रतिनिधित्व आवश्यक छ। हाल युरोपबाट तीन, अमेरिका र एशियाबाट एक–एक वटा देशका सुरक्षा परिषद्का सदस्य छन् तसर्थ पनि विस्तारको खाँचो छ। विकासशील देशहरूको प्रतिनिधित्व पनि भारतबाहेक अन्य कुनै देशले गर्न सक्दैन।

शङ्घाई सहयोग सङ्गठनको राष्ट्रप्रमुखहरूको बैठक पनि आउँदो जुलाईमा (दुई महीनापछि) भारतको राजधानी नयाँ दिल्लीमा नै हुने भएको छ। यस बैठकमा यसको आर्थिक व्यवस्थापन र मुख्यालय, विस्तारिकलगायत विषयमा चर्चा हुनेछ। भारत नै अहिले एससिओको अध्यक्ष पनि रहेको छ र जुलाईमा हुने बैठकको अध्यक्षता पनि भारतले नै गर्नेछ।

# सधैं र सबै ठाउँमा किन्न पाइँदैन 'रोङ महं'

मङ्गलवारे, ३ जेठ/रासस

इलाम रोङ–६ का दावा स्याङ्बोले १५० वटा घारमा मौरी पालेका छन्। विसं २०७६ सालबाट आधुनिक मौरीपालन गर्दै आएका उनले सेरेना जातका मौरी पालेका छन्।

पाँचवटा छुट्टाछुट्टै स्थानमा करीब ४० वटाका दरले घार व्यवस्थापन गरिएको उनले बताए। उनले भने, "मौरीलाई स्याहारका लागि खटिरहनुपर्दैन।"

उत्पादनको पाँच प्रतिशत मात्र घारका लागि खर्च गर्न सकियो भने मौरी फस्टाउने उनको भनाइ छ। एउटा घारमा सातामा एकपटक अनिवार्य पुग्नैपर्ने उनले बताए।

उनले वार्षिक २०० देखि २५० किलोसम्म मह उत्पादन गर्दै आएका छन्। घरबाट नै प्रतिकिलो रु एक हजार पाँच सयका दरले मह बिक्री हुँदै आएको छ।

मह मात्रै होइन, घारका 'फ्रेम' पनि रु एक हजारका दरले बिक्री गर्छन्। एक घारका लागि चारवटा फ्रेम चाहिन्छ।

स्याङ्बोले जस्तै रोङ–३ का प्रेमबहादुर राईले पनि ३० वटा आधुनिक घारमा मौरीपालन गरेका छन्। उनले वार्षिक करीब एक सय किलो मह उत्पादन




गर्दै आएका छन्। रोङ गाउँपालिकाका धेरै स्थानमा मह उत्पादन हुन्छ।

अधिकांश स्थानीय व्यावसायिक महबाटै आत्मनिर्भर बनेका छन्। गाउँपालिकाले मह उत्पादनमा सहयोग गर्न थालेपछि स्थानीयले मह उत्पादनलाई नै प्राथमिकता दिएका हुन्। गुन्द्रुक ब्रान्डिङमा सफल भएको इलामको रोङ गाउँपालिका पुनः महमा समेत एक कदम अघि बढेको हो। पछिल्लो समय 'रोङ महं' सधैं र सबै ठाउँमा किन्न पाइँदैन भन्ने नारासहित सो गाउँपालिका अघि बढेको छ।

गाउँपालिकाले मौरीपालनलाई गाउँपालिकाको पहिचानका रूपमा स्थापित गर्न यो कार्यक्रम नै अगाडि बढाएको अध्यक्ष मणिकुमार स्याङ्बोले जानकारी दिए। उनका अनुसार मौरीपालन व्यवसायमा गाउँपालिकाले पहिला पनि लगानी गरेको र अब पनि प्राथमिकतामा यस व्यवसायलाई अघि बढाइनेछ।

केही वर्षअघि पनि गाउँपालिकाले शुरूमा मौरीपालन व्यवसाय प्रवर्द्धनका लागि रु ११ लाख छुट्याएको थियो। अर्को वर्ष २० लाख बजेट छुट्याएर काम अगाडि बढाएको थियो। सो समय किसानलाई आधुनिक मौरीपालनको सीप सिकाउनेदेखि अनुदानमा घार वितरण गर्ने कार्यक्रम तय गरिएको थियो।

चालू आर्थिक वर्षमा मौरीपालन र व्यावसायिकताका लागि गाउँपालिकाले रु ५० लाख रकम विनियोजन गरेको गाउँपालिकाका पशु शाखा प्रमुख तीर्थराज देवकोटाले जानकारी दिए। मौरीपालन व्यवसायलाई रोङको पहिचान बनाउन गाउँपालिकाले थप लगानी गरेर मह उत्पादनमा जोड दिनेगरी कार्यक्रम अगाडि बढाइएको उनको भनाइ छ।

गाउँपालिकाले मौरी विकास केन्द्र नै स्थापना गरेर मौरीपालनको विकासमा लागेको छ। मौरीले वातावरण जोगाउनका लागि राम्रो भूमिका निर्वाह गर्ने भएकाले पनि मौरी जोगाउनुपर्ने

(बाँकी अन्तिम पातामा)

सामाजिक सेवामा समर्पित रिलिफ सोसाइटीको कार्यसमितिलाई चाहिने समय प्रदान गरी सामाजिक सेवामा सहभागी हुनुहोस्। रिलिफ भवन फोनः ९८४५११९४४८

# अर्थ - उद्योग - वाणिज्य

## नक्कली भुटानी शरणार्थी र अर्थतन्त्रमा यसको प्रभाव

अर्थविशेष



विश्वराज अधिकारी
akoutilya@gmail.com

**जनता जस्तो छ, त्यस्तै नेता उत्पादन हुने भएकाले सर्वप्रथम हाम्रो समाजको रूपान्तरण हुनु आवश्यक छ। सम्पूर्ण समाजलाई भ्रष्टाचारविरोधी बनाउन आवश्यक छ। सम्पूर्ण समाजलाई असल नेता चुन्ने मनस्थितिमा पुऱ्याउन आवश्यक छ। माटो राम्रो भए मात्र बाली सप्रन्छ।**

नक्कली भुटानी शरणार्थी समस्या राजनीतिक प्रकृतिको रहेको र यसले राष्ट्रिय राजनीतिलाई मात्र प्रभावित गर्ने जस्तो देखिए पनि, यो अति जटिल प्रकृतिको मुद्दा भएकोले यसले राष्ट्रको अर्थतन्त्रलाई पनि प्रभावित गर्ने देखिन्छ र गर्ने पनि छ। यो जटिल मुद्दा अन्तर्राष्ट्रियजगत् र खासगरी अमेरिकाको सरोकारको विषयसमेत हुन पुगेकोले यो मुद्दाले अन्तर्राष्ट्रिय समुदायले नेपाललाई हेर्ने दृष्टिकोणमा निश्चितरूपमा परिवर्तन आउनेछ। खासगरी नेपालसँग आर्थिक कारोबार गर्दा अन्तर्राष्ट्रिय समुदायले नेपाललाई अबदेखि शङ्काको अति बलियो घेरामा राखेर हेर्नेछ, सजिलै विश्वास गर्नेछैन।

यो मुद्दाले नेपाललाई एक अति भ्रष्टाचारी राष्ट्रको रूपमा विश्वसामु परिचित गराएको छ। अन्तर्राष्ट्रिय वित्तीय संस्था र दातृ राष्ट्रहरूले नेपाललाई आर्थिक ऋण, अनुदान, सहयोग आदि उपलब्ध गराउँदा अब दशचोटि सोच्नेछन्। ज्यादै गम्भीर भएर र अति नै छानबीन गरेर कुनै आर्थिक सहयोग उपलब्ध गराउनेछन्। यो नेपाल र नेपालीहरूको लागि ठूलो लज्जाको विषय हो। त्यस कारण देशले नै लज्जाबोध गर्ने यो विषयलाई त्यतिकै सामसुम हुन दिनुहुँदैन। यस मुद्दाको गम्भीर र निष्पक्ष किसिमले अनुसन्धान हुनुपर्छ। र यो मुद्दामा आरोपितहरू दोषी ठहर भएमा उनीहरूलाई नेपालको कानूनबमोजिम कारबाई गर्नुपर्छ। कुनै मन्त्री वा प्रधानमन्त्री दोषी ठहर हुँदाको अवस्थामा सत्ता र शक्ति प्रयोग गरेर जोगिन खोजे उनीहरूलाई जोगिन दिनुहुँदैन। र यसका लागि राज्यका संयन्त्रहरूभन्दा बढी नागरिक समाज सचेत हुन जरुरी छ। अहिले राज्य निरीह भएको र राज्यका कार्यपालिका, न्यायपालिक र विधायिका भ्रष्ट नेताहरूको नियन्त्रणमा रहेकाले नागरिक समाज थप सचेत हुन जरुरी छ।

नेपालमा यसभन्दा पहिले पनि अनेक भ्रष्टाचारकाण्ड भएका छन्। नेताहरूले शक्ति र सत्ताको आडमा अनेक जघन्य अपराध गरेका थुप्रै उदाहरण छन्। तर नक्कली भुटानी शरणार्थी मुद्दा, जस अन्तर्गत नेपालीहरूलाई राज्यविहीन पारेर नक्कली शरणार्थी बनाउने कार्य भएको छ, त्यो आफैंमा अक्षम्य र महाअपराध हुन पुगेको छ। आफ्नो राज्य हुँदाहुँदै, व्यक्तिलाई राज्यविहीन पार्नु महाअपराध हो। राज्य भएको व्यक्तिलाई शरणार्थी बनाउनु महाअपराध हो। यस्तो महअपराध गर्नेहरूलाई दण्डित नगर्ने हो भने देशको न्याय प्रणाली र शासन व्यवस्थाबाट जनताको विश्वास समाप्त हुनेछ। देशमा अराजकता बढ्नेछ। राज्य भएको व्यक्तिलाई राज्यविहीन बनाउनेहरूले गरेको अपराध सामान्य होइन।

नक्कली शरणार्थी बनाउनेहरूले कानून अनुसार सजाय पाउनेछन् वा छैनन्, त्यस उपर छलफल गर्नुपूर्व नेपालको वर्तमान राजनीतिक स्थिति, नेताहरूको द्वैध चरित्र र राजनीतिक दलहरूमाथि जनताको पूर्ण अविश्वास सम्बन्धमा विचार पुऱ्याउन आवश्यक छ।

नेपालका राजनीतिक दलहरूको अहिलेको चरित्र अति नै अनौठो किसिमको छ। खासगरी परम्परागत दलहरू नेपाली काङ्ग्रेस, एमाले, माओवादी केन्द्र आदिको चरित्र अनौठो मात्र होइन, लज्जास्पद किसिमको छ, घिनलाग्दो छ। व्यक्तिगत र दलगत स्वार्थ छ भने यी दलहरूले एकअर्काको खुट्टा तान्ने गर्छन्। घोर आलोचना गर्छन्। पानी बार्छन्। तर सामूहिक स्वार्थ छ भने यी दलहरू एकअर्कासँग पानी र चिनीजस्तो गरेर मिल्छन्। देश र जनताका लागि होइन, यी दलहरूका लागि फाइदा हुने किसिमको विधेयक पास गर्नुपऱ्यो, सरकार बनाउनुपऱ्यो, शक्ति प्राप्त गर्नुपऱ्यो, नियुक्ति र पदहरू बाँड्नुपऱ्यो, भ्रष्टाचार गर्नुपऱ्यो भने यी दलहरू पानी र चिनीजस्तो नछुट्टिनेगरी मिल्छन्। कुन दलको नीति तथा कार्यक्रम के हो, सिद्धान्त र विचार के हो, कार्य पद्धति के हो छुट्याउनसमेत कठिन हुन्छ। यी सबै दल एउटै अनुहारका हुन पुग्छन्।

यी दल र यिनका नेताहरूले बनाएको विशेष किसिमको राष्ट्रिय परिस्थितिमा नक्कली शरणार्थी बनाउने अपराधीहरूले सजाय पाउँछन् भनी आशा गर्ने ठाउँ अति नै कम छ। नक्कली भुटानी शरणार्थी मुद्दाले सबै ठूला राजनीतिक दल र खासगरी एमाले, नेका र माओवादी केन्द्रलाई समान किसिमले प्रभावित गर्ने र यी दलका ठूला नेताहरूसमेत पनि यो मुद्दामा तानिने स्थिति रहेकाले यी दलहरूले नक्कली भुटानी शरणार्थी मुद्दाका दोषीविरुद्ध कारबाई गर्लान् भनी विश्वास त धेरै परको कुरा, आशा पनि गर्न सकिंदैन।

राष्ट्रको पहिचान र विश्वसनीयतामा आँच पुऱ्याउने यो मुद्दाका दोषीहरू पत्ता लगाउने, दोषीहरूलाई दण्ड दिने र अब आइन्दा यस्तो जघन्य अपराध हुन नदिनेतर्फ सचेत हुन सामान्य जनता र नागरिक समाजका अभियन्ताहरूले पहल गर्न आवश्यक छ। दलहरूले यो मुद्दा ढाकछोप गर्ने प्रयास गर्नेछन्। ढाकछोप गर्न पद र शक्तिको व्यापक दुरुपयोग गर्नेछन्। यी दलका नेताहरूका विगतका कार्यहरूले यस कुराको पुष्टि गर्छ।

न कुशल शासन, न कुशल नेतृत्व दिन सक्ने यी नेताहरूले जनतालाई नागरिकता त्यागेर शरणार्थी बन्न तयार हुने स्थितिमा पुऱ्याएका छन्। देश, शासन र नेताहरूबाट जनता यति बढी निराश हुन पुगेको छ कि ऊ आफ्नो देश त्यागेर शरणार्थी हुन तयार भएको छ। जनताको यस्तो चरम निराशा, नेपालको लागि इतिहासमैं पहिलोपटक देखिएको छ। यो गणतन्त्रले ल्याएको उपहार हो। यस विषयमा नेताहरू गम्भीर हुनुपर्ने हो तर भएका छैनन् र हुने पनि छैनन्। शक्ति र सत्ताका लागि जे पनि गर्न तयार रहने यी नेताहरूबाट त्यस्तो अपेक्षा पनि गर्न सकिंदैन। यी नेताहरूले राज्य शक्ति र राज्य सत्ताको चरम दुरुपयोग गरिरहेका छन्। शेरबहादुर देउवा, केपी ओली, पुष्पकमल दाहालबाट शक्ति र सत्ताको चरम दुरुपयोग भइरहेको छ।

नक्कली भुटानी शरणार्थी मुद्दाका दोषीहरूलाई कारबाई यी दलहरूले गर्लान् भनी आशा गर्ने ठाउँ नरहेकोले जनताले नै ठोस भूमिका खेल्न आवश्यक छ। खासगरी नागरिक समाजका अगुवाहरूले सरकार, दल र उपल्ला नेताहरूलाई यस मुद्दाका दोषीहरूविरुद्ध कारबाई गर्न दबाब दिन आवश्यक छ। यस मुद्दाका दोषीहरूलाई कारबाई गर्न यी नेताहरूलाई बाध्य पार्न नागरिक समाजका अभियन्ताहरूले शान्तिपूर्ण विरोध गर्न, प्रदर्शन गर्न, आमसभा गर्न आवश्यक छ। यस्ता कार्य गरेर दोषीहरूविरुद्ध कारबाई गर्न बाध्य पार्न अति आवश्यक छ। यी नेताहरूलाई उनीहरूको स्वेच्छामा छाड्ने हो भने दोषीहरूलाई कारबाई गर्नेछैनन् भन्ने कुरा निश्चित छ।

यो मुद्दाले नेपालको गरीबीसँग पनि सरोकार राख्छ। नेता, सरकार, मन्त्री र प्रधानमन्त्री नै पनि गम्भीर प्रकृतिको अपराध (देशको नागरिक बिक्री गर्ने) कार्यमा लागेको देशमा अन्तर्राष्ट्रिय लगानीकर्ताहरूले पनि लगानी गर्न चाहँदैनन्। लगानीकर्ताहरूले आफ्नो पूँजी सुरक्षित र सुशासन भएको मुलुकमा लगानी गर्न खोज्छन्। सुरक्षा र सुशासन भएका युरोपका देशहरूमा जुन अनुपातमा अन्तर्राष्ट्रिय लगानी भएको छ, त्यसको तुलनामा अफ्रिकाका भ्रष्टाचारमा लिप्त र सुशासन नभएका देशहरूमा ज्यादै कम भएको छ। कुनै पनि राष्ट्रिय वा अन्तर्राष्ट्रिय लगानीकर्ताले अहिले सुडान, इथियोपिया, सोमालियाजस्ता सुशासन नभएको र अति भ्रष्टाचारले आक्रान्त देशमा लगानी गर्नेछैन। यी र यस्ता अनेक कारणले गर्दा नक्कली भुटानी शरणार्थी मुद्दाका दोषीहरूले सजाय नपाउने हो र नेपालमा सुशासन नरहेको सन्देश अन्तर्राष्ट्रिय समुदायमा जाने हो भने अन्तर्राष्ट्रिय लगानीकर्ताहरूले लगानी गर्नेछैनन्। र यसबाट नेपालको आर्थिक स्थिति निश्चितरूपमा प्रभावित हुनेछ।

अन्तर्राष्ट्रियजगत्मा नेपालको पहिचान असल तुल्याउन भ्रष्ट नेताहरूलाई नेपालको राजनीतिबाट सदाका लागि बिदा गर्न आवश्यक छ। यी दुई/चार नेताहरू को हुन् भन्ने कुरा जगजाहेर छ।

जनता जस्तो छ, त्यसै अनुसार नेताहरू उत्पादन हुने भएकाले सर्वप्रथम त हामीले हाम्रो समाजलाई नै सही दिशामा रूपान्तरण गर्न आवश्यक छ। सम्पूर्ण समाजलाई भ्रष्टाचारविरोधी बनाउन आवश्यक छ। सम्पूर्ण समाजलाई असल नेताहरूलाई चुनावमा विजयी गराउने मनस्थितिमा पुऱ्याउन आवश्यक छ। माटो राम्रो भए मात्र बाली सप्रन्छ। भ्रष्ट समाजबाट असल नेता कहिले उत्पादन हुन सक्दैन। यस तथ्यलाई मनन गर्न अति आवश्यक छ।

नक्कली भुटानी शरणार्थी मुद्दाको जरा हाम्रो समाजको भित्री तहसम्म फैलिएको छ। र समाज सुधार भने समाजले नै गर्ने हो। हामीले नै गर्ने हो।

## वर्षाबाट किसान, पशु-माछालाई फाइदा

नरेश यादव, पर्सागढी, ४ जेठ/

बुधवार राति वर्षा भएपछि

तस्वीरः प्रतीक







किसानहरू खुसी भएका छन्। वर्षा भएपछि खेतबारी, चौपाया र आँपलाई फाइदा पुगेको छ।

चर्को घाम लागेको बेला आँपको टिकोरा सानो हुँदा ओइलिएर झर्ने गरेको थियो तर बुधवार राति वर्षा हुँदा रूख भिजेको र यसले टिकौरालाई फाइदा पुगेको एकजना किसानले बताए। त्यस्तै वर्षाले भुसुना, कीराको प्रकोप पनि कम गराएको छ।

माछा उत्पादन गर्ने किसान जयकिशोर चौरसियाले वर्षा भएपछि पोखरीको पानी चीसो भएको र यसले माछालाई फाइदा पुगेको बताए। उनले पानी नपर्दा पोखरीको माथिल्लो भागको पानी तातो भइरहन्थ्यो जसले गर्दा माछालाई समस्या हुने र उनीहरू पोखरीको तल गएर बस्ने गरेको बताए। माछा तीन तहमा बस्छन् र चर्को घामले पानी तातेको बेला माछाहरू पोखरीको सतहमा बस्ने भएकोले मर्ने सम्भावना बढी हुन्छ। कुलो र बोरिङको सुविधा हुने किसानहरूले कुलो/बोरिङको पानी प्रयोग गर्छन्। उनले कुलो/बोरिङको पानीभन्दा वर्षाको पानीले माछालाई फाइदा पुग्ने गरेको बताए।

चैतेधान लगाएका किसान आलोककुमार सिंहले वर्षाले अब धानको डाँठ बढ्नुको साथै बाली हरियो देखिने र मल प्रयोग गर्दा काम गर्ने बताए। कुलो र बोरिङको पानीबाट सिंचाई गर्दा जरा मात्र हरियो देखिने तर पात पहेंलो हुने गरेको बताए।

पशुपालक अकबर देवानले वर्षा भएपछि सरेहमा नयाँ घाँस उम्रिने र गाईलाई एकै ठाउँमा बाँधेर चराउन सकिने बताए। उनले भैंसीलाई धेरैगर्मी हुने भएकोले उनीहरूलाई डुलाएर चराउनुपर्ने बताए। वर्षाले खोलामा पानी बढाएकोले भैंसीलाई नुहाउन पनि सजिलो भएको बताए।

वर्षाले मकैबालीमा पनि फाइदा पुऱ्याएको छ। मकैमा दूधेदाना लागिसकेको हुँदा वर्षाले दाना पुष्ट हुने र नसुक्ने तथा उत्पादन पनि बढ्ने बताए। त्यस्तै वर्षाले तरकारी खेतीलाई पनि निकै फाइदा पुऱ्याएको छ।

वर्षा नहुँदा ग्रामीण क्षेत्रका अधिकांश कच्ची सडक धूलाम्य हुने गरेकोमा अहिले सफा देखिएको छ। किसानहरूलाई हावाहुरी र असिनासँग मात्र चिन्ता लाग्छ, वर्षा भएपछि उनीहरू खुशी हुन्छन्।

## कर्जा पाउन २१३ स्टार्टअप उद्यम अयोग्य

काठमाडौं, ४ जेठ/रासस

स्टार्टअप उद्यम कर्जाका लागि प्रस्ताव पेश गर्ने २१३ कम्पनी बाहिरिएका छन्। उद्यम कर्जाका लागि परियोजना प्रस्ताव पेश गरेका ३८२ वटा आवेदनमध्ये पहिलो चरणबाट ती कम्पनी बाहिरिएका हुन्।

उद्योग विभागले स्टार्टअप उद्यम कर्जा कोष कार्यविधि, २०७९ को दफा ८ बमोजिम कर्जा लिन इच्छुक स्टार्टअप उद्यम गर्ने उद्यामीलाई परियोजना प्रस्ताव पेश गर्न चैत १६ गते सूचना प्रकाशन गरेको थियो।

प्रस्ताव पेश भएका आवेदनको प्रारम्भिक रुजू गर्दा कार्यविधिको दफा २ (झ) र ४ (१) बमोजिम कैफियतमा उल्लेख भएका आधारमा थप मूल्याङ्कनमा समावेश नभएको विभागले जनाएको छ।

चुक्ता पूँजी रु पचास लाखभन्दा बढी भएको, उद्यमको कुल आय (आम्दानी) वार्षिक रु पचास लाखभन्दा बढी नभएको, स्थिर पूँजी (घरजग्गाको मूल्यबाहेक) रु दुई करोडभन्दा बढी नभएको, उद्यममा पूर्णकालीन कामदारको सङ्ख्या १०





तस्वीरः फाइल

जनाभन्दा बढी नभएको हुनुपर्ने व्यवस्था गरिएको थियो।

कार्यविधिले परियोजना धितो राखेर अधिकतम रु २५ लाखसम्मको कर्जा दिने व्यवस्था गरेको छ। कर्जा दुई किस्तामा उपलब्ध गराइने कार्यविधिमा उल्लेख छ। स्टार्टअप उद्यमले सरकारी लगानीको वाणिज्य बैंकमार्फत सात वर्षका लागि कर्जा पाउनेछन्।

यस्तो कर्जामा साँवा भुक्तानी तीन वर्षपछि मात्रै गर्न पाइने सुविधा छ। यस्तो कर्जा प्रवाहका लागि सरकारले चालू आर्थिक वर्षमा रु २५ करोड विनियोजन गरेको थियो। सुरुआतमा देशभर रहेका १०० वटा स्टार्टअपलाई समेट्ने गरी बजेट विनियोजन गरिएको थियो।

**तीन प्रतिशत ब्याज**

स्टार्टअप उद्यमीलाई सरकारले तोकेको रु २५ लाख कर्जा उपलब्ध गराउन नेपाल राष्ट्र बैंकले बैंक तथा वित्तीय संस्था छनोट गर्नेछ। जसमा कर्जा तीन प्रतिशत ब्याजदरमा उपलब्ध हुने कार्यविधिमा उल्लेख छ।

केन्द्रीय बैंकले नेपाल सरकारको पूर्ण वा अधिकांश स्वामित्व भएको वाणिज्य बैंकमार्फत कर्जा प्रवाहका लागि सिफारिश गर्नेछ। छनोट समितिले गरेको सिफारिशका आधारमा केन्द्रीय बैंकले दुई किस्तामा कर्जा प्रवाह गर्नका लागि बैंक तोक्नेछ। जसमा पहिलो किस्तामा स्वीकृत कर्जाको ५० प्रतिशत रकम वितरण गर्नुपर्ने हुन्छ।

## नेपाल एयरलाइन्सले मलेशिया-भैरहवा १२ हजार सात सयमैं उडाउने

काठमाडौं, ४ जेठ/रासस

राष्ट्रिय ध्वजावाहक नेपाल वायुसेवा निगम (नेपाल एयरलाइन्स)ले यही जेठ २९ गतेदेखि भैरहवास्थित गौतमबुद्ध अन्तर्राष्ट्रिय विमानस्थलमा नियमित उडान शुरू गर्ने भएको छ। सो अवसरमा निगमले मलेशियाबाट प्रवर्द्धनात्मक भाडादर रु १२ हजार सात सय कायम गरेको छ। यो मलेशियाबाट भैरहवा उडानका लागि मात्र हो।

"नेपाल एयरलाइन्सले भैरहवा-मलेशिया र मलेशिया-भैरहवा-काठमाडौं रूटमा यही जेठ २९ गतेदेखि उडान शुरू गर्दैछ, सो अवसरमा मलेशिया-भैरहवा-काठमाडौंका लागि अत्यन्तै सस्तो शुल्कमा टिकट उपलब्ध गराएका छौं," निगमका प्रवक्ता रमेश पौडेलले जानकारी दिए।

उनका अनुसार मलेशिया-भैरहवाका लागि रु १२ हजार सात सय र मलेशिया-भैरहवा-काठमाडौंका लागि रु १४ हजार ७२० भाडादर कायम गरिएको छ। निगमले मलेशियाको जोहोरबारूबाट क्वालालम्पुर अन्तर्राष्ट्रिय विमानस्थलसम्म आवतजावत गर्न निकट भविष्यमैं सटल बस (यात्री ओसारपोसार गर्ने बस)को व्यवस्था गर्ने उनको भनाइ छ। निगमको उडान तालिका अनुसार

(बाँकी पाँचौं पातामा)

# अर्थतन्त्र चलायमान बनाउने मौद्रिक नीति

उद्योग व्यवसाय धराशायी हुँदै गएको र देश नै आर्थिकरूपमा सङ्कटमा पर्न लागेको अवस्थामा नेपाल राष्ट्र बैंकले चालू आर्थिक वर्षको मौद्रिक नीतिको नौ महीनाको समीक्षा हालै गरेको छ। मौद्रिक नीतिले तीनवटा 'प' पुनरवलोकन, पुनर्कर्जा र पुनर्तालिकीकरणलाई प्राथमिकतामा राखेको पाइन्छ। मौद्रिक नीति भन्नाले अर्थतन्त्रमा कर्जाको प्रवाह, ब्याजदरमा स्थिरता, तरलता व्यवस्थापन, बैंकिङ सुशासन, मूल्यमा स्थिरता र मौद्रिक व्यवस्थापनका लागि लिइने नीति हो। समष्टिगत आर्थिक वृद्धि तथा आर्थिक स्थिरताका लागि मौद्रिक नीति तथा वित्त नीतिबीच अन्तरसमन्वय जरूरी छ। हालको अवस्था हेर्दा वित्त नीतिले अनियन्त्रित र अनुत्पादक क्षेत्रमा ऋण परिचालन गरेको कारण मुद्रास्फीतिको समस्या देशले भोगेको देखिन्छ। यद्यपि परिलक्षित दरमा मुद्रास्फीति कायम गर्न सकेको अवस्था छैन। त्यसैले दुवै नीतिले समन्वय नराखी काम गरेमा अर्थतन्त्रमा अस्थिरता आउने हुँदा यसको कार्यान्वयन गर्दा सम्बन्धित निकायले समन्वय बढाउनुपर्छ।



अर्थ-उद्योग-वाणिज्य

**शीतल महतो**

shitalmahato@gmail.com

**मौद्रिक नीतिले समेट्न नसकेका पक्षहरूमा सुशासन, सुपरिवेक्षण तथा अनुगमन, सेवाको गुणस्तर, कर्मचारी उत्प्रेरणा र सुविधा एवं सुरक्षा, निक्षेप र कर्जा सुरक्षाको स्पष्ट कार्ययोजना, कोभिडबाट प्रभावित व्यवसाय र सुविधा उपलब्ध गराउने कार्ययोजना हुन् ।**

देशको आर्थिक सुदृढीकरणका लागि, मौद्रिक नीति कार्यान्वयनको संवाहक वित्तीय क्षेत्र, विशेषगरी बैंकिङ क्षेत्र र पूँजीबजार भएको हुँदा हालको मौद्रिक नीतिको प्रमुख लक्ष्य बैंक तथा वित्तीय संस्थाले ऋणीको नगद प्रवाहको विश्लेषण गरी आवश्यकता र औचित्यका आधारमा होटल तथा रेस्टुरा, पशुपन्छीपालन, निर्माण क्षेत्रसँग सम्बन्धित कर्जा र ५ करोडसम्मको अन्य क्षेत्रमा प्रवाह भएको कर्जालाई आगामी असार मसान्तभित्र पुन:संरचना तथा पुनर्तालिकीकरण गर्न सक्नेछ। त्यस्तै पछिल्ला ६ महीनामा लगातार ऋणात्मक वृद्धि हुन गएका आर्थिक क्षेत्रसँग सम्बद्ध ऋणीले कोषमा उपलब्ध स्रोतको सीमाभित्र रही पुनर्कर्जा सुविधा पाउने व्यवस्था राष्ट्र बैंकले गरेको छ। यस्तो व्यवस्थाले खानी, उत्पादनमूलक उद्योग, निर्माण, व्यापार (मोटर तथा यातायात क्षेत्र, सवारीसाधन मरम्मत-सम्भार, यातायात तथा मौज्दात) क्षेत्रका व्यवसायीले राहत पाउने देखिन्छ। वास्तविक क्षेत्रमा देखापरेको शिथिलताका कारण अल्पकालीन तथा चालू पूँजी प्रकृतिका कर्जाहरूलाई ब्याज नियमित रहेको अवस्थामा आवश्यकता र औचित्यका आधारमा कुनै किसिमको हर्जाना शुल्क नलिनेगरी ३ महीनासम्मका लागि असार मसान्तभित्र म्याद थप्न सक्ने व्यवस्था गरिएको छ। लघुवित्त वित्तीय संस्थाका ऋणीहरूलाई पनि कर्जा चुक्ता गर्न कठिनाई परेको अवस्थामा सम्बन्धित संस्थाले आवश्यकता र औचित्यका आधारमा २०८० असार मसान्तभित्र कर्जा पुन:संरचना तथा पुनर्तालिकीकरण गर्न सक्ने व्यवस्था गरको छ।

बैंक तथा वित्तीय संस्थाबाट जारी ऋणपत्रलाई कर्जा-निक्षेप अनुपात गणना गर्ने प्रयोजनका लागि स्रोत (निक्षेप) का रूपमा समेत गणना गर्न पाउने व्यवस्थालाई पनि २०८० पुस मसान्तसम्म निरन्तरता दिइएको छ। मौद्रिक नीतिमार्फत कतिपय व्यवसायीले नीतिगत दर घट्ने अपेक्षा गरे पनि हालको ७ प्रतिशतको नीतिगत दर यथावत् राखिएको छ। बैंकदर भने १ प्रतिशत बिन्दुले घटाइएको छ। यस अघि साढे ८ प्रतिशत रहेको बैंकदर अब साढे ७ प्रतिशत कायम भएको छ। सरकारी धितोपत्रहरूको सुरक्षणमा नेपाल राष्ट्र बैंकले बैंक तथा वित्तीय संस्थालाई प्रदान गर्ने ऋणमा लिने ब्याजदर नै बैंकदर हो। राष्ट्र बैंकले तरलता सहज हुँदै गएको जनाउँदै आगामी दिनमा ब्याजदर पनि घट्दै जाने बताएको छ। पछिल्ला महीनामा रेमिट्यान्समा उल्लेख्य वृद्धि हुँदै जाँदा तरलता सहज भइरहेको छ, तर बैंकमा क्रेडिट डिमान्ड हुन सकेको छैन। आर्थिक शिथिलताका अतिरिक्त ऋणीको क्षमताभन्दा बढी कर्जा प्रदान गर्ने प्रवृत्ति, विगतमा कर्जा प्रवाहमा भएको तीव्र विस्तार र बैंकिङ क्षेत्रलक्षित गैरव्यावसायिक गतिविधिका कारण निष्क्रिय कर्जा बढेको राष्ट्र बैंकको भनाइ छ। बैंक तथा वित्तीय संस्थाबाट प्रवाह भएको कर्जाको विद्यमान आकार, पूँजी पर्याप्तताको अवस्था, बाह्य क्षेत्र सुधार र वित्तीय स्रोत परिचालनको परिदृश्यलाई दृष्टिगत गर्दा आगामी दिनमा तरलता र ब्याजदरमा सुधार आई आर्थिक गतिविधि चलायमान हुन थप सहयोग पुग्ने देखिएको छ।

मुलुकको उत्पादन तथा वितरण प्रणाली धेरै हदसम्म आयातमा आधारित रहेको छ। यसले गर्दा आर्थिक गतिविधि, व्यावसायिक वातावरण, मुद्रास्फीति र वित्तीय तथा समष्टिगत आर्थिक स्थायित्वमा प्रतिकूल असर पर्न नदिन पर्याप्त विदेशी विनिमय सञ्चिति राख्नु अपरिहार्य रहेको नेपाल राष्ट्र बैंकले जनाएको छ। गत वर्षदेखि समग्र माग व्यवस्थापनका माध्यमबाट विदेशी विनिमय सञ्चिति जोगाउन अवलम्बन गरिएका नीतिको प्रभावस्वरूप बाह्य क्षेत्रमा सुधार भएको छ। चालू आर्थिक वर्षको विप्रेषण आप्रवाहमा सुधार भएको छ। पर्यटन आय बढेको छ। आयात र व्यापारघाटाको आकार घटेको छ। गत वर्षको तुलनामा चालू खाता घाटामा उल्लेख्य सुधार आए तापनि यस्तो खाता भने अझै घाटामा नै छ। तर पूँजी तथा ऋण आप्रवाहका कारण २०७९ असोजदेखि शोधनान्तर बचतमा रहन थालेको छ। शोधनान्तर बचतमा रहन शुरू भएसँगै बैंकिङ क्षेत्रको तरलता स्थितिमा सुधार भएको छ। फलस्वरूप आधार दर तथा ब्याजदरमा कमी आउन थालेको छ।

हाल साढे ६ अर्ब पुनर्कर्जा प्रयोगमा रहेको बताइएको छ। नेपाल राष्ट्र बैंकको कोष करीब ५० अर्बको छ। नेपाल राष्ट्र बैंकले यो ५० अर्बको कोष प्रयोग गरेर मन्दीमा गएका क्षेत्रलाई उकास्नै खोजेको हो भन्ने अनुभूति हुन्छ। साधारणत: पुनर्कर्जाको ब्याज सस्तो हुन्छ। बजारमा अतिरिक्त ५० अर्ब आउँदा तरलता प्रवाहसँगै कर्जा-निक्षेप अनुपात (सिडी रेसियो) पनि कम हुन जाने निश्चित छ। हाल निर्माण क्षेत्र, उत्पादन क्षेत्र र थोक तथा खुद्रा व्यापार क्षेत्रको वृद्धिदर ऋणात्मक छ। बैंक तथा वित्तीय संस्थाहरूले भद्र सहमतिको नाममा सिन्डीकेट वा कार्टेलिङमार्फत घटाउँदै आएको ब्याजदर थप घटाउन नेपाल राष्ट्र बैंकले नीतिगत रूपमैं दबाब दिएको देखिन्छ। हालै सार्वजनिक गरेको मौद्रिक नीतिले साढे ८ प्रतिशतको बैंक दरलाई साढे ७ प्रतिशतमा झारेको छ। फलस्वरूप यसले सरकारी ऋणपत्रको ब्याज घटाउँछ भने बैंकहरूलाई सस्तोमा निक्षेप उठाउन दबाब सृजना गर्छ।

मौद्रिक नीतिले समेट्न नसकेका पक्षहरूमा सुशासन, सुपरिवेक्षण तथा अनुगमन, सेवाको गुणस्तर, कर्मचारी उत्प्रेरणा र सुविधा एवं सुरक्षा, निक्षेप र कर्जा सुरक्षाको स्पष्ट कार्ययोजना, कोभिडबाट प्रभावित व्यवसाय र सुविधा उपलब्ध गराउने कार्ययोजना हुन्। त्यस्तै, बैंकहरूको वर्गीकृत लगानी क्षमता र स्रोत सङ्कलनको अवस्था एवं सम्भाव्यता, खोज तथा अनुसन्धान, सबै प्रकारका बचतलाई प्रोत्साहित गर्ने कार्ययोजना पनि पाइँदैन। आर्थिक पुनरुत्थानको विस्तृत योजना एवं मर्जरपछिको समस्याबारे पनि मौद्रिक नीति चुकेको छ। वर्तमान मौद्रिक नीतिले वित्तीय क्षेत्र सुधारका औजारहरू : जस्तै ब्याज करिडर, ऐनहरूमा परिमार्जन, नियमन र सुपरिवेक्षणमा जोड, बैंकिङ सेवा पहुँच विस्तार, वित्तीय समावेशीकरण, वित्तीय साक्षरता अभियान, निक्षेपको सुरक्षण सीमा वृद्धि, नेपालमा विदेशी बैंक शाखा स्थापना, वाणिज्य बैंकहरूलाई धितोपत्र व्यवसायी बनाउनेजस्ता कुरालाई प्राथमिकता दिएको छ। वाणिज्य बैंकहरूलाई गाभ्ने र गाभिने प्रक्रियामा जोड दिने, तालीम र दक्ष जनशक्ति विकासमा जोडजस्ता पूर्ववत् कुरालाई समेटेको छ। तर कार्ययोजनाको अभावमा मौद्रिक नीतिको अक्षरश: पालना भएको पाइँदैन। कार्यान्वयन पक्ष फितलो भएको, कार्यान्वयन गर्ने संस्थाहरूबीच आपसी समन्वयको अभाव, बैंक तथा वित्तीय संस्थाको प्रमुख छनोटमा राजनीतिक प्रभाव तथा सरकारको हस्तक्षेपलगायतले यस्ता वित्तीय उपकरण प्रभावहीन बन्ने गरेको पाइन्छ।

मौद्रिक नीतिको सञ्चालन लक्ष्यको रूपमा लिइएको, बैंक तथा वित्तीय संस्थाबीचको भारित औसत, अन्तर-बैंक दर २०७८ चैतमा ६.९९ प्रतिशत रहेकोमा २०७९ चैतमा ७.०१ प्रतिशत कायम भएको छ। सन् २०२३ भरि विश्व अर्थतन्त्र शिथिल रहने प्रक्षेपण रहेको छ। अन्तर्राष्ट्रिय मुद्राकोषले अप्रिल, २०२३ मा सार्वजनिक गरेको प्रक्षेपण अनुसार विश्व अर्थतन्त्र र विकसित एवं उदीयमान अर्थतन्त्रको वृद्धिदर सन् २०२३ मा थप कमजोर हुने र सन् २०२४ मा सीमान्त रूपले मात्र सुधार हुने देखिएको छ। त्यसैले जबसम्म वित्तीय साक्षरतामा विशेष जोड, सुपरिवेक्षण र अनुगमनमा कडाइ तथा सुशासनमा सकारात्मक सुधार हुन सक्दैन, तबसम्म मौद्रिक नीति आफ्नो लक्ष्य पूरा गर्ने दिशामा अगाडि बढ्न कठिनाइ हुनेछ भन्ने कुरामा कुनै अत्युक्ति नहोला।

# मुसहर समुदायको घर शिलान्यास



नितेश कर्ण, वीरगंज ४ जेठ/

सर्लाहीको विष्णु गाउँपालिका-७ दुलवाका अतिविपन्न मुसहर समुदाय परिवारको लागि पक्की घरको शिलान्यास प्रदेशसभा सदस्य कौशलकिशोर रायले बिहीवार गरेका छन्।

उनको संसदीय विकास बजेटबाट ४० लाख रुपैयाँको लागतमा सो स्थानमा पाँचवटा पक्की घरको शिलान्यास गरिएको छ। कार्यक्रममा गापा अध्यक्ष जवाहरलाल यादव, वडा नं ८ का अध्यक्ष जवाहर यादव, ७ का अध्यक्ष नीरस राउतलगायतको सहभागिता थियो।

# चिनियाँ आरोहीले गरे सगरमाथामा प्याराग्लाइडिङ

काठमाडौं, ४ जेठ/रासस

चिनियाँ आरोहीले सर्वोच्च शिखर सगरमाथामा प्याराग्लाइडिङ गरेका छन्। चिनियाँ नागरिक ली सेनगतोले सगरमाथाको आठ हजार मिटरबाट आधार शिविरसम्म प्याराग्लाइडिङ गरेको नेपाल बिग माउन्टेन ट्राभल कम्पनीका प्रबन्ध निर्देशक सुदर्शन नेपालले जानकारी दिए। आरोही ली आठ हजार मिटरबाट करीब ४० मिनेटमा आधार शिविर झरेका थिए।

उनका अनुसार चिनियाँ आरोहीले सगरमाथाको आठ हजार मिटरबाट प्याराग्लाइडिङ गर्ने अनुमति लिएका थिए। आरोही ली नेपाल बिग माउन्टेन ट्राभल कम्पनीको समन्वयमा सगरमाथा आरोहणमा गएका हुन्।

सगरमाथाको आठ हजार मिटरबाट प्याराग्लाइडिङ गरेर आधार शिविर झरेर पुन: सगरमाथा आरोहणका लागि निस्केका छन्। "चिनियाँ आरोही ली आरोहण गरेर सगरमाथाको आठ हजार मिटरमा पुगी प्याराग्लाइडिङ गरेर आधार शिविर झर्नुभयो। अहिले आरोहणका लागि सगरमाथाको चुचुरोतर्फ लाग्नुभएको छ," उनले भने।

प्रबन्ध निर्देशक नेपालले साहसिक कार्यमा रमाउने चिनियाँ पर्यटकलाई आकर्षण गर्न यसले प्रोत्साहन गर्ने बताए। उनले कोरोना महामारीपछि चिनियाँ पर्यटकको आगमन बढिरहेको सन्दर्भमा चिनियाँ पर्यटकलाई बढीभन्दा बढी आकर्षण गर्न सहयोग पुग्ने बताए।

# नेप्से परिसूचक ३२ दशमलव ३० अङ्कले वृद्धि

काठमाडौं, ४ जेठ/रासस

धितोपत्र बजारमा शेयर कारोबार मापक नेपाल स्टक एक्सचेन्ज (नेप्से) परिसूचक ३२ दशमलव ३० अङ्कले बढेर एक हजार ८७७ दशमलव ३२ मा पुगेको छ।

ठूला कम्पनीको शेयर कारोबार मापन गर्ने सेन्सेटिभ परिसूचक पाँच दशमलव २३ अङ्कले उकालो लागेर ३५८ दशमलव १८ मा पुगेको छ। कारोबार भएका कुल १३ वटै उपसमूहको शेयर मूल्यमा वृद्धि भएको छ।

कुल ४४ लाख २२ हजार १८६ कित्ता

(बाँकी पाँचौं पातामा)

# 'प्रदेश सरकारले सङ्घीयता, जनजीविका र सुशासनका पक्षमा प्रभावकारी काम गरोस्'

जनकपुर, ४ जेठ/रासस

मधेस प्रदेशसभा सदस्यहरूले सङ्घीयता, जनजीविका र सुशासनका पक्षमा प्रभावकारी काम गर्न प्रदेश सरकारलाई आग्रह गरेका छन्।

प्रदेशसभाको बिहीवारको बैठकमा बोल्ने सदस्यहरूले प्रदेशसभाको छ महीना र सरकार गठनको पाँच महीना हुँदा पनि प्रभावकारी काम हुन नसकेको भन्दै गति बढाउन सरकारलाई आग्रह गरे।

प्रतिपक्षी दलको नेताका हैसियतमा बैठकमा विशेष समय शुरू हुनुअघि बालेका नेकपा (एमाले) प्रदेशसभा संसदीय दलका नेता सरोजकुमार यादवले सदन र सरकार प्रभावकारीरूपमा चल्ने अपेक्षासहित सबैभन्दा ठूलो दल एमाले प्रतिपक्षमा बसे पनि सदनले काम र सरकारले पूर्णता नपाएको भन्दै आलोचना गरे।

"हामीले गठबन्धनको सहजताका लागि सरकार छोड्यौं, अहिलेसम्म सरकार पूर्ण भएको छैन। थुप्रै ऐन, कानून बनाउन र संशोधन गर्न बाँकी छन् तर सदनले काम पाएन," यादवले भने, "यस्तो अभ्यासले सङ्घीयतालाई बलियो बनाउँदैन। सङ्घ र बाँकी छ प्रदेशले पनि सङ्घीयताको सवाल उठ्दा जनकपुर (यहाँको सरकार र सदन)लाई हेर्छ भन्ने हेक्का राख्नुपर्छ। त्यसैले सरकारले छिटो पूर्णता पाओस् र सदनलाई 'बिजनेस' दिइयोस्।"

बैठकको विशेष समयमा बोल्ने प्रदेशसभा सदस्यहरू शत्रुधनप्रसाद सिंह, नागेन्द्र साह, सरोजकुमार सिंह, सतीशकुमार सिंह, जवाहरलाल कुशवाहा, रमिता प्रधान, कनिश पटेल, उर्मिलादेवी सिंह, प्रमोदकुमार जयसवाल, देवनारायण थारू, अञ्जना पण्डित, रामआशिष यादव, अनीताकुमारी साह, लखनदास तत्मा, श्यामप्रसाद पटेल र दीपेन्द्र ठाकुरले बजेट फ्रिज जाने अवस्था अन्त्य गर्दै खर्च गर्ने क्षमता बढाउन, कृषि, शिक्षा र स्वास्थ्यको क्षेत्रमा जनताले अनुभूत गर्ने गरी कार्यक्रम ल्याउन सरकारले ध्यान दिनुपर्नेमा जोड दिए।

उनीहरूले संविधानले प्रदेशको शासन प्रशासन प्रदेशको मन्त्रिपरिषद्मा निहित रहने व्यवस्था गरे पनि निजामती कर्मचारी ऐन, प्रहरी समायोजनलगायतका काम नहुँदा प्रदेशले काम गर्न नसकेकोले सङ्घ सरकारसमेत सङ्घीयता कार्यान्वयनमा गम्भीर बन्नुपर्ने आवश्यकता औंल्याए।

आजको बैठकमा मुख्यमन्त्री सरोजकुमार यादवको तर्फबाट सामाजिक विकासमन्त्री सुरिताकुमारी साहले मधेस प्रदेशका सम्बन्धमा महालेखापरीक्षकको पाँचौं वार्षिक प्रतिवेदन, २०७९ सदनसमक्ष प्रस्तुत गरिन्।

# भारतको सहयोगमा दुई परियोजना निर्माण हुने



तस्वीर: रासस

काठमाडौं, ४ जेठ/रासस

भारत सरकारको अनुदान सहयोगमा दुईवटा परियोजना निर्माण हुने भएका छन्। स्वास्थ्य र शैक्षिक क्षेत्रका दुईवटा सामुदायिक विकास परियोजना निर्माणका लागि सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय र काठमाडौंस्थित भारतीय राजदूतावासबीच हिजो सम्झौता भएको हो।

रामेछापको मालागिरी शान्ति योगाश्रम र डोटीको केदार ज्योतिपुञ्ज बहुमुखी क्याम्पस निर्माणका लागि सम्झौता भएको हो। दुवै परियोजनामा कुल रु आठ करोड ३३ लाख लगानी हुने अनुमान गरिएको छ। परियोजना रामेछाप नगरपालिका र बडीकेदार गाउँपालिकामार्फत कार्यान्वयन गरिनेछ। परियोजना निर्माणले स्थानीयलाई गुणस्तरीय स्वास्थ्य तथा शैक्षिक सुविधा पुग्ने विश्वास लिइएको छ।


## चिकित्सकहरूको विवरण

**शिशु तथा बालरोग**

| चिकित्सकको नाम | सम्पर्क नं. | आबद्ध स्वास्थ्य सेवा |
|---|---|---|
| १. डा. सागरमान अमात्य | ५२१७९६ | सर्वोत्तम अस्पताल |
| २. डा. अशोक दास | ५३४४०३ | आशाराम हस्पिटल, पानीटङ्की-१० |
| ३. डा. आनन्दकुमार झा | ०५१-५३०५२० | दसतल्ले भवनको गेटनजिक, बिर्ता |
| ४. डा. श्यामसुन्दर दास | | |
| ५. डा. प्रवीण सिंह | ९८११८४२९४६ | ओम शिवशक्ति पोलीक्लिनिक, बिर्ता, वीरगंज |

**नाक, कान, घाँटी तथा आँखा**

१. डा. वीरसिंह थापा ५२३२१४ निजी क्लिनिक बिर्ता

२. वीरगंज आँखा तथा दाँत अस्पताल प्रालि ०५१-५२१३९८ लिङ्करोड, घण्टाघर, वीरगंज

३. डा. अमर क्याल (किरण आँखा अस्पताल) ५२५२४४, रजतजयन्ती चोक, होटल शेखरअगाडि

**फिजिसियन**

१. डा. अरूणकुमार सिंह ९८४५११९४५५ नाउक्षेअ, निजी क्लिनिक

२. डा. राकेश तिवारी ९८११८४२९४६ ओम शिवशक्ति पोली क्लिनिक, बिर्ता, वीरगंज

**दन्त**

१. डा. सुनीलप्रताप सिंह ९८४५१८७४११ समाज डेन्टल होम

२. डा. पूनम सिंह ५२९४१५ समाज डेन्टल होम

३. डा. विजय अग्रवाल ९८०२९२१९९६ शंकरलाल केडिया दन्त अस्पताल, परवानीपुर

**हाड, जोर्नी तथा नसा विशेषज्ञ**

डा. श्यामबाबू प्रसाद एलएस न्यूरो हस्पिटल, पानीटंकी, वीरगंज ५२१५१७

डा. श्यामबाबू रौनियार ०५१-५२१९९६ साह अर्थोपेडिक क्लिनिक लाठगल्ली, वीरगंज

डा. रामाशीष ठाकुर एपोलो सेन्टर मालपोत अगाडि, बिर्ता

प्रा. (डा.) राजेन्द्रप्रसाद साह ९८०४२७१२२३ फ्रेक्चर तथा सिटी हेल्थकेयर, पानीटङ्की-१०, ब्यारेकको पूर्वपट्टि

**आयुर्वेदिक (चेकजाँच)**

डा. आर.एन. यादव ०५१-५२०६१६ पतञ्जलि आयुर्वेद, घण्टाघर दूरसञ्चारको पूर्व, वीरगंज

डा. आर.के. ठाकुर ०५१-५३४१४१ शिवम् आयुर्वेद, बसपार्क

डा. रमेश मिश्र ९८४९४१११९६ नारायणी आयुर्वेद औषधालय, बसपार्क

**फिजिसियन तथा मधुमेह विशेषज्ञ**

डा. नीरजकुमार सिंह ०५१-५२१९२१ नाउक्षे अस्पताल, वीरगंज

डा. शिवकुमार झा (न्यु त्रिलोकी क्लिनिक) मोबाइल नं. ९८१२२३८९६५

**प्रसूति तथा स्त्रीरोग विशेषज्ञ**

डा. तरन्नुम खातुन, ९८४५४१३८२६ आकाश मेडिकल, लिङ्करोड, घण्टाघर

डा. जगतप्रसाद दीप, ०५१-५३३८०८, ओम हस्पिटल प्रा.लि., वीरगंज

डा. मीता महर्जन झा, ९८५५०३५५६०, दसतल्ले भवनको गेटनजिक, बिर्ता, वीरगंज

**एम्बुलेन्स सेवा**

**बारा उद्योग वाणिज्य सङ्घ** जीतपुर ०५३-५२१९२०/९८४५६५६५४०

**गण्डक अस्पताल,** वीरगंज (**चौबीसै घण्टा**) ०५१ ४११०११/९८४३८३७६०२

माथि नाम लेखाउन चाहने चिकित्सकहरूले यस दैनिकको वार्षिक ग्राहक हुन जानकारी गराइन्छ।

**सम्पर्क: बजार व्यवस्थापक जीतेन्द्र पटेल मोबाइल नं. ९८४५०४१७५८, ९८०२७७७७५३**

# अन्तर्राष्ट्रिय समाचार

## पाकिस्तानमा आर्थिक सङ्कट गहिरिंदै

इस्लामाबाद, ४ जेठ/एएनआई

पाकिस्तान सरकारले देशमा जारी आर्थिक सङ्कटका कारण विदेशमा रहेका आफ्ना कूटनीतिक नियोग तथा राजदूतावासमा कार्यरत कूटनीतिक कर्मचारीको तलब रोकेको छ।


तस्वीरः फाइल

कूटनीतिक कर्मचारीले दुई महीनादेखि तलब नपाएका, विनापारिश्रमिक उनीहरूले इदुल फित्र मनाएका र विद्यालयको शुल्क तिर्नसमेत धौधौ भएको स्रोतलाई उद्धृत गर्दै पाकिस्तान टुडेले जनाएको छ। समयमा आफ्ना सन्तानको शुल्क नतिरे उनीहरू विद्यालयबाट निष्कासित हुन सक्ने चिन्ताले पनि कूटनीतिक कर्मचारीलाई पिरोलेको छ।

अर्थ मन्त्रालयले गत डिसेम्बरमा सबै कर्मचारीको तलब निकासा गरिएको दाबी गरे पनि मार्च महीनाको तलब प्राप्त नभएको कूटनीतिक नियोगका कर्मचारीले बताएका छन्। पाकिस्तानी विदेश मन्त्रालयले पनि समयमैं तलब निकासा गर्न अर्थ मन्त्रालयका अधिकारीलाई अनुरोध गरेको छ। विदेश मन्त्रालयले आफ्नो बजेटबाट कूटनीतिक कर्मचारीलाई जनवरी र फेब्रुअरीको तलब हस्तान्तरण गरेको थियो।

विदेश मन्त्रालयले मातहतका निकाय र विभागमार्फत विदेशमा कार्यरत आफ्ना कर्मचारीका लागि रकम विनियोजन गरी प्रत्येक महीनाको एक वा दुई तारिखमा कर्मचारीको खातामा रकम दाखिला गर्दै आएको थियो। अर्थसचिवसँग यस सम्बन्धमा प्रतिक्रिया लिन खोज्दा त्यो सफल हुन सकेन।

हालैको एक बैठकमा कूटनीतिक कर्मचारीले तलब नपाएको विषय उठेपछि अर्थमन्त्री इशाक दारले जवाफ दिनुपरेको थियो।

विदेशमा कार्यरत कर्मचारीलाई विदेशी मुद्रामा तलब दिनुपर्ने भएकाले आर्थिक समन्वय समिति र पाकिस्तानको केन्द्रीय बैंकको समन्वयमा आवश्यक व्यवस्था गरिने बताइएको छ।

**राष्ट्रपति, प्रधानमन्त्रीभन्दा न्यायाधीशको तलब बढी**

पाकिस्तानका राष्ट्रपति र प्रधानमन्त्रीभन्दा सर्वोच्च अदालतका न्यायाधीशले बढी तलब पाउने गरेका छन्।

पाकिस्तानको केन्द्र सरकारका साथै प्रान्तीय सरकारका मन्त्री, सांसद, सचिव एवं उच्च सरकारी कर्मचारीले सर्वोच्च अदालतका न्यायाधीशभन्दा कम तलब पाउने गरेका सार्वजनिक लेखा समितिमा पेश गरिएको तथ्याङ्कलाई उद्धृत गर्दै द न्युज इन्टरनेशनलले जनाएको छ।

पाकिस्तानमा सबैभन्दा धेरै तलब पाउने व्यक्ति प्रधानन्यायाधीश हुन् भने सर्वोच्च अदालतका न्यायाधीशहरू दोस्रो श्रेणीमा पर्छन्। तीन नम्बरमा राष्ट्रपति छन्। सङ्घीय मन्त्री र सचिवभन्दा पनि कम तलब छ प्रधानमन्त्रीको।

सार्वजनिक लेखा समितिका अध्यक्ष नुर खानका अनुसार पाकिस्तानी राष्ट्रपतिको पारिश्रमिक पाकिस्तानी रु आठ लाख ९६ हजार ५५० छ भने प्रधानमन्त्रीको रु दुई लाख एक हजार ५७४। प्रधानन्यायाधीशले रु १५ लाख २७ हजार ३९९, सर्वोच्च अदालतका न्यायाधीशले रु १४ लाख ७० हजार ७११ र सङ्घीय मन्त्रीको तलब रु तीन लाख ३८ हजार १२५ रहेको छ। एकजना सांसदको तलब रु एक लाख ८८ हजार छ भने २२औं तहका सरकारी अधिकारीको तलब रु पाँच लाख ९१ हजार ४७५ छ।

लेखा समितिले राष्ट्रपति, प्रधानमन्त्री, प्रधानन्यायाधीश, सर्वोच्च अदालतका अन्य न्यायाधीशले प्राप्त गर्ने भत्ता, अन्य सेवा–सुविधा तथा भत्ताको विवरण माग गरेको द न्युज इन्टरनेशनलले जनाएको छ। सर्वोच्च अदालतले बितेका १० वर्षमा गरेको खर्चबारे जानकारी दिन तथा लेखापरीक्षणका निम्ति समितिमा उपस्थित हुन उक्त अदालतका रजिस्ट्रारलाई दिइएको निर्देशनको अवहेलना भएको समितिका एक सदस्यले बताएका छन्। समितिको आगामी मङ्गलवार हुने अर्को बैठकमा पनि रजिस्ट्रार अनुपस्थित रहेमा उनीविरुद्ध पक्राउ पुर्जी जारी गरिने चेतावनी दिइएको समाचारमा जनाइएको छ।

## पूर्वप्रधानमन्त्री राजपाक्षमाथिको यात्रा प्रतिबन्ध हट्यो

कोलम्बो, ४ जेठ/एएनआई

श्रीलङ्काको एक अदालतले पूर्वप्रधानमन्त्री महिन्दा राजपाक्षेमाथि लगाइएको विदेश यात्राको प्रतिबन्ध खारेज गरेको छ।

लङ्कन समाचार संस्था न्युज फर्स्टका अनुसार पूर्वप्रधानमन्त्री राजपाक्षेसँगै सांसद रोहिता अबेगुनावर्देना, मन्त्री पवित्र वान्नियारच्ची र पूर्व प्रान्तीय परिषद् सदस्य कञ्चना जयरत्नेविरुद्धको यात्रा प्रतिबन्ध फोर्ट मजिस्ट्रेट अदालतले बुधवार हटाएको हो।

गत वर्षको मे ९ मा कोलम्बोमा सरकारविरुद्ध भएको शान्तिपूर्ण विरोध प्रदर्शनमा घातक हमला गराएको अभियोगको अनुसन्धानलाई दृष्टिगत गरी राजपाक्षेसहित अन्य व्यक्तिमाथि विदेश यात्राको प्रतिबन्ध लगाइएको थियो। रासस

## टिकटकमाथि पूर्ण प्रतिबन्ध लगाउने पहिलो अमेरिकी राज्य बन्यो मोन्टाना

मोन्टाना, ४ जेठ/एएनआई

मोन्टाना भिडियो साझा गर्ने सामाजिक सञ्जाल एप्लिकेशन टिकटकमाथि पूर्ण प्रतिबन्ध लगाउने पहिलो अमेरिकी राज्य बनेको छ। सुरक्षा चिन्ता र चासोलाई सम्बोधन गर्न राज्य सरकारले टिकटकमाथि पूर्ण प्रतिबन्ध लगाएको घोषणा गरेको हो।

मोन्टानाका गभर्नर ग्रेग जियानफोर्टले मोन्टाना राज्यका बासिन्दाका निजी विवरण चिनियाँ कम्युनिस्ट पार्टीबाट जोगाउने उद्देश्यले टिकटकमाथि प्रतिबन्ध लगाइएको स्पष्ट गरेका छन्। राज्यका मुख्य सूचना अधिकारीलाई राज्य सञ्जाल र उपकरणहरूबाट उक्त एपलाई पूर्णरूपमा ब्लक गर्न निर्देशन दिएको उनले सामाजिक सञ्जाल ट्वीटरमा लेखेका छन्।

डिसेम्बर २०२२ मा मोन्टाना सरकारले राज्यका उपकरणमा उक्त एपको प्रयोग वर्जित गरेको थियो। सङ्घीय सरकारका साथै अमेरिकाका धेरै राज्यमा उक्त सामाजिक सञ्जालको प्रयोगमा निषेध गरिएको छ। आगामी जून १ देखि उक्त सञ्जालमाथिको प्रतिबन्ध पूर्णरूपमा लागू हुनेछ। उक्त प्रतिबन्धलाई चुनौती दिंदै अदालतमा मुद्दा दायर हुन सक्ने समाचारमा जनाइएको छ। रासस

### आजको राशिफल

| | | | |
|---|---|---|---|
| मेष | सुयश | वृष | खर्चवृद्धि |
| मिथुन | प्रसन्नता | कर्कट | पदोन्नति |
| सिंह | अस्वस्थता | कन्या | कष्टानुभूति |
| तुला | यात्रालाभ | वृश्चिक | शत्रुभय |
| धनु | कार्यनाश | मकर | वाहनकष्ट |
| कुम्भ | राज्यलाभ | मीन | धनखति |

ज्योतिषी पं. छविरमण सुवेदी, सि.सं.मा.वि.कलैया

### रानीघाट–पोखरिया बस समिति

भिस्वा– बिहान ७:४० बजे
भिस्वा– बिहान १०:०० बजे
भिस्वा– मध्याह्न १२:०० बजे
भिस्वा– दिउँसो १:३० बजे
दसौता– दिउँसो २:३० बजे
सेढवा– दिउँसो ३ बजे
देउरिया– दिउँसो ३:१५ बजे
भिस्वा– दिउँसो: ३:४० बजे


यहाँ स्तरीय छपाईसम्बन्धी सम्पूर्ण कार्य गरिन्छ ।

बिल, बूक, खाता | क्यालेन्डर, ब्रोसर, पोस्टर | विवाह कार्ड, लेटरप्याड
पुस्तक, डायरी | भिजिटिङ कार्ड | फ्लेक्स, ब्यानर

प्रतीक प्रकाशन समूह प्रा. लि. (अफसेट छापाखाना)
त्रिमूर्ति सिनेमा हल रोड, श्रीपुर, वीरगंज-११ (नेपाल), पोस्ट बक्स नं. ७९, फोन नं. ०५१-५२५१२२, ५२३१०५
email: prateekdaily@gmail.com, Website: eprateekdaily.com


## भ्रष्टाचारविरुद्ध तेस्रो दिन पनि विरोध प्रदर्शन

प्रस, वीरगंज, ४ जेठ/

नक्कली भुटानी शरणार्थीकाण्ड लगायत भ्रष्टाचारका अन्य काण्डहरूको निष्पक्ष छानबीन गर्न माग गर्दै जनमत पार्टी, पर्साले बिहीवार वीरगंजमा प्लेकार्डसहित धर्ना प्रदर्शन गरेका थिए।


तस्वीरः प्रतीक

जनमतका जिल्ला अध्यक्ष ओमप्रकाश सर्राफको अध्यक्षतामा भएको विरोध कार्यक्रममा वक्ताहरूले भ्रष्टाचार काण्डहरूको सूक्ष्म तरीकाले छानबीन गरी भ्रष्टाचारीहरूलाई कडा कारबाही गरी सबै सम्पत्ति जफत गर्नुपर्ने माग गरेका थिए।

कार्यक्रमको सहजीकरण जिल्ला सचिव राजनारायण मिश्रले गरेका थिए।

## स्वास्थ्य शिविर, पोषण सामग्री वितरण

प्रस, पोखरिया, ४ जेठ/

पोखरिया नगरपालिका–८ जगतपुरमा बिहीवार निश्शुल्क स्वास्थ्य शिविर तथा गर्भवती महिलाहरूलाई पोषण सामग्री र औषधि वितरण गरिएको छ।

लायन्स क्लब अफ वीरगंज सेन्ट्रल सिटी र प्रभु अस्पतालको संयुक्त आयोजनामा भएको शिविरमा ५० जना गर्भवती महिलाहरूको स्वास्थ्य परीक्षण गरिएको र उनीहरूलाई पोषण सामग्री र औषधि वितरण गरिएको थियो।

उद्योगपति वीरेन्द्रकुमार सङ्घईको सहयोगमा गर्भवती महिलाहरूलाई पोषण सामग्री र औषधि वितरण गरिएको लायन्स क्लब अफ वीरगंज सेन्ट्रल सिटीकी अध्यक्ष सलमा खातुनले बताइन्। शिविरमा डा लक्ष्मी थापाले गर्भवती महिलाहरूको स्वास्थ्य चेकजाँच गरेकी थिइन्। यसैगरी, शिविरमा लायन्सका रमेश अग्रवाल, देवकीनन्दन अग्रवाल, रामविहारी पाण्डेय, उमेश शर्मा,



वडाध्यक्ष किशोरी साह, स्थानीय नेता सुनील साह, दिलीपराज कार्कीलगायतको सहभागिता थियो।

## शरणार्थी प्रकरण : नेपाल हज समितिका अध्यक्ष मियाँ पक्राउ

काठमाडौं, ४ जेठ/रासस

नक्कली भुटानी शरणार्थी प्रकरणमा संलग्न भएको आरोपमा नेपाल हज समितिका अध्यक्ष शमशेर मियाँ पक्राउ परेका छन्।

प्रहरीले उनलाई बिहीवार दिउँसो सिंहदरबारबाट पक्राउ गरेको हो। नक्कली भुटानी शरणार्थीको कोटामा अमेरिका पठाउने नाममा ठग्ने गिरोहसँग अध्यक्ष मियाँको संलग्नता देखिएपछि पक्राउ गरिएको जिल्ला प्रहरी परिसर काठमाडौंका प्रमुख तथा प्रहरी वरिष्ठ उपरीक्षक दानबहादुर कार्कीले जानकारी दिए। उनका अनुसार शरणार्थीका नाममा ठग्ने गिरोहलाई हज समितिको प्रयोगका लागि उपलब्ध गराएको गृह मन्त्रालयको गाडी अध्यक्ष मियाँले उपलब्ध गराएका थिए।

गृह मन्त्रालयको स्वामित्वमा रहेको बिएबी–१४०५ नम्बरको निशान पेट्रोल जीप प्रहरीले बरामद गरेको छ। पीडितहरूलाई बायोमेट्रिक गराउन र अन्तर्वार्ता दिन बोलाएर गिरोहका सदस्यहरू सो गाडीमा जाने गरेका प्रहरीको दाबी छ।

चितवनको सौराहा र काठमाडौंको सुन्धारालगायतका ठाउँमा अन्तर्वार्ता लिन जाँदा गिरोहका सदस्यहरूले सो गाडी प्रयोग गरेका अनुसन्धानबाट खुलेको जिल्ला प्रहरी परिसर काठमाडौंले जनाएको छ। इम्बोस्ड नम्बर बिएबी–१४०५ नम्बरको सो जीप गृह मन्त्रालय अन्तर्गतको नेपाल हज समितिको नाममा रहेको पाइएको छ।

नक्कली भुटानी शरणार्थी प्रकरणमा प्रहरीले अनुसन्धान थालेपछि नेपाल हज समितिका अध्यक्ष मियाँ सम्पर्कविहीन भएका प्रहरीले जनाएको छ।

## वन संरक्षणसम्बन्धी दुई दिने गोष्ठी शुरू


तस्वीरः प्रतीक

प्रमोद यादव, पंचगावाँ, ४ जेठ/

डिभिजन वन कार्यालय, पर्साको आयोजनामा रङ्गपुरटाँडी सब डिभिजन वन कार्यालयमा बिहीवार वन संरक्षणसम्बन्धी दुई दिने गोष्ठी शुरू भएको छ।

कार्यक्रममा नेपाल शिक्षक सङ्घ, पर्साका सहसचिव हरिराज यादव, पटेर्वासुगौली गापा प्रशासन शाखा प्रमुख शम्भु साह, वडाध्यक्ष विपिन मुखिया, वडासदस्य हैदर अलि अन्सारी, समाजसेवी सुलेमान मियाँ अन्सारी, धार्मिक वनका अध्यक्ष कुमार बस्नेतलगायतले मन्तव्य राखेका थिए।

महेन्द्र चौधरीको अध्यक्षतामा भएको कार्यक्रममा वन संरक्षण, काठ चोरी तस्करी नियन्त्रण, रोकथाम, वृक्षारोपण गर्ने, वनमा चरीचरन रोक्ने, आगलागी हुन नदिने, समयसमयमा स्थानीयलाई सुपथ मूल्यमा काठ वितरण गर्ने, राष्ट्रिय वनजङ्गलप्रति सबैको आस्था विश्वास बढाउने, वन संरक्षण एक्लो प्रयासमा नहुने भएकोले स्थानीय सरोकारवाला सबैजनाको साथ सहयोगको अपेक्षा गरिएको रेन्जर कपिलदेव यादवले बताए।

### नेपाल एयरलाइन्स ...

टिकट बुकिङ खुला भइसकेको छ। भैरहवाबाट हाल निगमले साताको एक उडानबाट शुरू गर्ने र बजारको माग तथा निगमको बजार व्यवस्थापन अनुसार अन्य गन्तव्यमा समेत उडान गर्नेछ।

राष्ट्रिय गौरवको आयोजना अन्तर्गत निर्माण भएको गौतमबुद्ध अन्तर्राष्ट्रिय विमानस्थलबाट उडान तदारूकताका साथ गर्नका लागि संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयसँगको समन्वयमा निगम व्यवस्थापनले विशेष पहल गरी उडान शुरू गर्ने निर्णय गरेको निगमले जनाएको छ।

निगमका कार्यकारी अध्यक्ष युवराज अधिकारीसहितको टोलीले हालै गरेको मलेशिया भ्रमणमा सिभिल एभिएसन अथोरिटी मलेशियाका निर्देशकसँग मलेशियाबाट भैरहवा नियमित उडानसम्बन्धी विविध पक्षमा छलफल गरेको निगमले उल्लेख गरेको छ।

### औलो ...

रोगको सङ्क्रमण हुने गरेको प्रशिक्षक डा उदयनारायण सिंहले जानकारी गराए।

नारायणी अस्पतालका फिजिशियन डा सिंहले वरिपरि सरसफाइ र लामखुट्टेको टोकाइबाट बच्ने उपाय अपनाउँदा यो रोगबाट बच्न सकिने सुझाव दिए।

वीरगंज महानगरपालिकाका सरसफाइ प्रमुख सर्फुद्दीन मियाँले लामखुट्टेको जीवनचक्र २१ दिनको हुने भएकोले महानगरले मात्र सरसफाइ गरेर हुँदैन, सबै समुदाय मिलेर आआफ्नो वरपर पानी जम्ने ठाउँको पहिचान गरी लामखुट्टेको वासस्थान र उत्पत्तिस्थानलाई सफा गर्नुपर्ने सुझाव दिए।

नेपाल पत्रकार महासङ्घ, पर्साका अध्यक्ष अनुप तिवारीले लामखुट्टेको रोगबाट औलो र डेंगुजस्ता प्राणघातक रोग लाग्ने भएकोले परिवारका हरेक सदस्य सचेत भई दैनिक व्यवहारमा अपनाउनुपर्ने बताए।

सामुदायिक प्रहरी सेवा केन्द्र, छपकैयाका अध्यक्ष ग्यासुद्दीन मियाँ ठकुराईले यो रोग निर्मूल गर्नको लागि हरेक समुदायले अग्रसरता देखाउनुपर्ने बताए।

स्वास्थ्य कार्यालय, पर्साका प्रमुख नवलकिशोर साहको अध्यक्षता एवं स्वास्थ्य अधिकृत जयमोद ठाकुरको सहजीकरणमा भएको कार्यक्रममा पर्साका सञ्चारकर्मी, स्वास्थ्यकर्मी, सुरक्षाकर्मी, एनजिओ फेडरेशनका प्रतिनिधिलगायतको सहभागिता थियो।


आगलागी हुन नदिन चनाखो बनौं ।

- खाना पकाइसकेपछि आगो, ग्याँस चुल्हो, स्टोभ वा हिटर निभाऔं।
- सिलिन्डरको रेगुलेटर, पाइप वा चुलोबाट ग्याँस लिक भए नभएको यकीन गरौं।
- ग्याँसको गन्ध आए बेवास्ता नगरौं।
- सलाई, लाइटर बालबालिकाले भेटाउने ठाउँमा नराखौं।
- दाउरा बालेर खाना पकाइसकेपछि पानी छ्यापेर आगो निभाऔं।
- चुरोट, तमाखु, चिलिम, सुल्पा नखाऔं। खाएमा आगो राम्ररी निभाऔं।
- बिजुलीका तार, प्लग, स्वीच वा वायरिङ ठीक अवस्थामा भए नभएको जाँच गरौं।
- घरबस्तीनजीकै पोखरी, टङ्की वा अरू कुनै तरीकाले पानीको जोहो गरिराखौं।

बहुदरमाई नगरपालिका
कार्यपालिकाको कार्यालय, पर्सा

# पोखरियामा दुई दिने जलसा सम्पन्न

दिनेश मिश्र, वीरगंज, ४ जेठ/

पोखरिया नगरपालिका–९ सेमरवारीबर्वामा दुई दिने जलसा सम्पन्न भएको छ ।


तस्वीरः प्रतीक

जलसामा भारतबाट आएका हजरत मौलाना अब्दुल्लाह सलिम चतुर्वेदीले हिन्दू, मुस्लिम, सिख, ईसाइ सबै धर्मले सही मार्ग हिंड्न सिकाएको बताए । उनले कुनै पनि धर्मले अरूलाई दुःख दिनुहुन्न, सहयोगी भावना राख्नुपर्छ, कसैलाई पनि हेप्नुहुन्न, सबैसँग मानवतापूर्ण व्यवहार राखिनुपर्छ भनी सिकाएको बताए । हजरत मौलानाले जलसामा राम्रो काम गर्ने अनेकौं विधि सहभागीहरूलाई सिकाएका थिए ।

मधेस प्रदेशका पूर्वमुख्यमन्त्री लालबाबूराउत गद्दीले मदर्साको सुरक्षा र त्यहाँ रहेका यतिम बच्चाको पढाइ र बसाइमा लाग्ने खर्चलाई जलसाले व्यवस्थापन गर्नमा मदत पुग्ने बताए । उनले सरकारले पनि मदर्सामा रहेका यतिम बच्चाको पढाइलेखाइलगायतका व्यवस्थापनमा ध्यान दिनुपर्ने बताए ।

नेपाल चार वर्ण ३६ जातका फूलबारी हो, सबैको त्यत्तिकै नै हकअधिकार भएको र सामाजिक मेलमिलापले नै सुख–शान्ति प्रदान गर्ने नगरप्रमुख प्रद्युमन चौहानले बताए ।

जलसाका संयोजक निजामुद्दीन समानीले सबै धर्मको आआफ्नो मूल्य र मान्यता रहेको र सबै धर्मलाई समान व्यवहार गर्नुपर्ने तथा समाजमा देखा परेका विभेदलाई अन्त्य गरेर भाइचारा कायम गर्ने पनि जसलाको उद्देश्य रहेको बताए ।

कार्यक्रममा संविधानसभा सदस्य रामेश्वर रौनियार, पोखरिया नगरपालिकाका प्रमुख प्रद्युमन चौहान, वीरगंज महानगरपालिकाका उपप्रमुख इम्तियाज आलम, विश्रामपुर गापाध्यक्ष जुबेर आलम, जगरनाथपुर गापाका पूर्वअध्यक्ष जालिम मियाँ, जसपा, पर्साका अध्यक्ष रामनरेश यादव, सचिव तबरेज अहमद, एमालेका विन्ध्याञ्चल ठाकुरको सहभागिता थियो । वडाध्यक्ष नौशाद आलमले स्वागत गरेका थिए ।

### नेप्से परिसूचक ...

शेयर रु एक अर्ब ४७ करोड ४७ लाख ६५ हजार ३८८ मूल्यमा खरीद–बिक्री भएका छन् ।

कारोबारका आधारमा नेपाल दूरसञ्चार कम्पनी शीर्ष स्थानमा छ । सो कम्पनीको रु आठ करोड ६३ लाख ४८ हजार ४३६ बराबरको कारोबार भएको छ। शिवम् सिमेन्ट रु सात करोड ११ लाख १० हजार ४८०, एनआइसी एशिया बैंक रु छ करोड ७६ लाख ७१ हजार ७७६, एभरेस्ट बैंक रु तीन करोड ५९ लाख ८४ हजार र नागरिक लगानी कोष रु तीन करोड ४५ लाख २१ हजार बराबरको कारोबार भई शीर्ष पाँचभित्र पर्न सफल भएका छन् ।

नेप्सेका अनुसार हिमालयन ऊर्जा विकास कम्पनी र आत्मनिर्भर लघुवित्तको शेयर मूल्यमा १० प्रतिशतले वृद्धि भई सकारात्मक सर्किट लागेको छ। यस्तै, शिव श्री हाइड्रोपावर आठ दशमलव १४, गणपति लघुवित्त सात दशमलव ८३ र श्वेत गङ्गा हाइड्रोपावरको शेयर मूल्य सात दशमलव शून्य चार प्रतिशतल बढेका छन् ।

त्यस्तै, एनआइबिए ग्रोथ फन्ड तीन दशमलव १४, हिमालयन बैंकको ऋणपत्र एक दशमलव ९९, एनएमबी एक दशमलव ९६, सामुदायिक लघुवित्त एक दशमलव ९६ र किसान लघुवित्तको शेयर मूल्य एक दशमलव ९१ प्रतिशतले घटेका छन् ।


## गणतन्त्रका उपलब्धिहरू

- सङ्घीयताको अभ्यासमार्फत सङ्घ, प्रदेश र स्थानीय तहमा शक्ति बाँडफाँड,
- विधिको शासनको व्यवस्था,
- अधिकारसम्पन्न स्थानीय तह,
- जनअनुमोदित प्रतिनिधिबाट शासन सञ्चालन,
- अभिव्यक्ति स्वतन्त्रताको रक्षा,
- यी उपलब्धिहरूको रक्षा गरौं ।

नेपाल सरकार
विज्ञापन बोर्ड


### सधैं ...

बताइएको छ। साथै मौरी रहेमा महसमेत उत्पादन गर्ने र किसानको जीविकोपार्जनमा सहयोग पुऱ्याउनेछ ।

परागसेचनले तरकारीबाली फल्नसमेत मदत गर्ने भएकोले पनि मौरी जोगाउन लगानी गरेको गाउँपालिका अध्यक्ष स्याङ्बोको भनाइ छ। मौरीले विषादी सेवन गर्ने भएकाले विभिन्न रोगबाट मानिसलाई बचाउने गरेको विज्ञहरूको भनाइ छ । गाउँपालिकाले किटेनीबाट नजीकै पर्ने हडियामा डेढ रोपनी जग्गामा मौरी विकास केन्द्र स्थापना गरेर काम अगाडि बढाएको छ। केन्द्रमा हाल ३२ घार मौरी छन् ।

गाउँपालिकाले सो क्षेत्र मौरीमा राम्रो सम्भावना देखेर मौरीका लागि छुट्टै शाखा र स्रोतसमेत छुट्याइएको छ। साथै स्रोत व्यक्ति नै राखेर काम अगाडि बढाइएको छ ।

मौरीविज्ञका रूपमा रहेका सोही गाउँपालिकाका कुमार तामाङ गाउँपालिकाको मौरी स्रोत व्यक्तिका रूपमा राखेर सो कार्यक्रम सञ्चालन गरिरहेको छ। गाउँपालिकामा मौरीको लागि मौरी विकास शाखा छ ।

तामाङले मौरीपालनका लागि उचित क्षेत्रको छनोट, किसानको छनोट, तालीम सञ्चालन तथा अनुदानमा घार वितरण गर्न सिफारिश गर्नेलगायतका कार्य गर्नुपर्छ। साथै मौरीको उपचार गर्नेसम्मको जिम्मेवारी उनले पाएका छन् ।

गाउँपालिकाले मौरी विकास केन्द्रबाट मह तथा मौरीका घार तथा मौरीसमेत बिक्री वितरण गर्ने र आम्दानीको स्रोत बढाउने रहेको छ ।

### वीरगंजमा ...

नीरज अग्रवाल, उपाध्यक्ष अभिषेक पुजारी, सचिव आकाश सर्राफ, सहसचिव धीरज अग्रवाल, कोषाध्यक्ष अवधेशकुमार सरावगी, सहकोषाध्यक्ष कृष्णाकुमार अग्रवाललगायत ४५ जना सदस्य छन् ।


Make your stay with us is a memorable experience



Lords Plaza Birgunj is a world class hotel built to treat all types of travelers. This beautiful hotel is equipped with contemporary Rooms and Suites, Business Center, Four Conference Rooms, Three Food and Beverage outlets - Bar, Multi Cuisine Restaurant & Roof Top Dining, Spa, Gym, Pool and Casino.

Diyalo Lords PLAZA
Exhilarating Hospitality
Birgunj

Call - 51525252, 98028 19788, 98028 19787

Aadarsh Nagar, Birgunj, Nepal, www.lordshotels.com,


# खेलकूदको संसार

## निजगढमा अन्तर्राष्ट्रिय तेक्वान्दो प्रतियोगिता शुरू

## खेल क्षेत्रको विकासका लागि स्थानीय तह अग्रसर हुनुपर्छ –यादव

प्रस, निजगढ, ४ जेठ/

मधेस प्रदेशको पर्यटन र तेक्वान्दो खेलको विकासमा टेवा पुऱ्याउने उद्देश्यले बाराको निजगढमा बिहीवारदेखि प्रथम गढीमाई अन्तर्राष्ट्रिय तेक्वान्दो प्रतियोगिता शुरू भएको छ ।

कार्यक्रमका प्रमुख अतिथि महागढीमाई नगरपालिकाका प्रमुख उपेन्द्र यादवले प्रतियोगिताको उद्घाटन गर्दै खेल क्षेत्रको विकासका लागि स्थानीय तह स्वयम् अग्रसर हुनुपर्ने बताए । उनले स्थानीय तहले खेलकूद क्षेत्रका लागि छुट्टै कार्यविधि





कार्यक्रमको उद्घाटन गर्दै महागढीमाई नगरपालिकाका प्रमुख उपेन्द्र यादव र प्रतियोगितामा भिड्दै खेलाडी । तस्वीरः प्रतीक

निर्माण गरी खेल गतिविधिलाई निरन्तरता दिनुपर्ने बताए । निजगढमा आयोजना भइरहेको यस प्रतियोगिताले विश्वप्रसिद्ध गढीमाईको अन्तर्राष्ट्रियजगत्मा प्रचारप्रसार गर्न मदत पुग्नेमा आफू आशावादी रहेको बताउँदै उनले साँच्चै नै यदि खेल क्षेत्रको विकास, प्रवर्धन गर्ने हो भने स्थानीय तह इमानदारीका साथ निरन्तर अग्रसर हुनुपर्नेमा जोड दिए । विश्वप्रसिद्ध गढीमाईदेवीको नाममा यस प्रतियोगितालाई आगामी वर्षहरूमा पनि निरन्तरता दिन आफ्नो पालिका र आफूले तन, मन, धनले सक्दो सहयोग गर्ने प्रतिबद्धता जनाए । खेलको विकासले पनि स्थानीय तहको पहिचान बढाउनेमा आफू आशावादी रहेको प्रमुख अतिथि यादवले बताए ।

कार्यक्रमका विशिष्ट अतिथि नेपाल तेक्वान्दो सङ्घका संस्थापक महासचिव दीपराज गुरुङले खेल क्षेत्रको विकास गर्न सङ्घीय सरकारको मुख नताकी स्थानीय तहहरूले नै बजेट विनियोजन गरी खेलाडीहरूको संरक्षण एवं प्रोत्साहन गर्दै ठूला प्रतियोगिताहरू आयोजना गर्नुपर्ने बताए । विकसित मुलुकमा स्थानीय तहहरूले नै राष्ट्रिय, अन्तर्राष्ट्रिय प्रतियोगिताहरू गराउँदै आएकाले अब ढिलो नगरी नेपालले पनि सकारात्मक कार्यको अनुसरण गर्नुपर्ने उनले बताए। सबै कुरामा सङ्घीय सरकारको भर पर्दा खेल क्षेत्रको विकास समयमा हुन नसकेकोले स्थानीय तहहरू नै सक्रिय हुनुपर्ने महासचिव गुरुङको भनाइ थियो ।

त्यसैगरी, अर्का विशिष्ट अतिथि नेपाल सितेरियो कराँते महासङ्घका केन्द्रीय अध्यक्ष एवं राष्ट्रिय खेलकूद परिषद्का पूर्वसदस्यसचिव युवराज लामाले खेलकूद क्षेत्रको विकासका लागि राज्यले विभेद गर्न नहुने बताउँदै खेल र खेलाडीहरूको सङ्ख्याका आधारमा सरकारले बजेट विनियोजन गर्नुपर्ने बताए ।

सङ्ख्याका आधारमा रकम विनियोजित नगर्दा कतै रकम नपुग्ने, कतै बढी भएर दुरुपयोग हुने गरेको उनको भनाइ छ। खेल क्षेत्रको संरक्षण, विकाससँगै खेलाडीहरूको रोजगारको अवसर जुटाउनमा स्थानीय, प्रदेश र सङ्घीय सरकारको ध्यान जान जरुरी रहेकोमा उनले जोड दिए ।

कार्यक्रममा निजगढ नपाका पूर्वप्रमुख सुरेशकुमार खनालले आफू नगरप्रमुख रहँदा तेक्वान्दो खेलको विकास र खेलाडीहरूको क्षमता अभिवृद्धिका लागि यस खेलसँग सम्बन्धित विभिन्न खेल सामग्रीहरू खरीद गर्न बजेट विनियोजन गरिएको र यो प्रतियोगिताको लागि पनि १८ लाख रकम आफ्नो पालामा विनियोजन गरेको उनले बताए। नगरमा अन्य क्षेत्रको विकाससँगै खेल क्षेत्रको विकासमा समेत नगर सचेत भएर लागेको उनले बताए ।

प्रतियोगिताको पहिलो खेल महिलातर्फ ४० किलो तौल समूहमा मधेस प्रदेशकी खुशी ठाकुरले सुदूरपश्चिमकी आरती विष्टलाई पराजित गर्दै अग्रता बनाएकी छन् ।

जीरोगीतर्फ पुरुष सात र महिला छ गरी १३ वटा तौल समूह र पुम्सेतर्फ जुनियर १० वर्ष सिङ्गल, १२ वर्ष डबल र १४ वर्षको समूह गरी तीन तथा सिनियरतर्फ १८ वर्ष तल र माथि महिला र पुरुष गरी चारवटा टीम गरी २० इभेन्टमा प्रतियोगिता सञ्चालन हुनेछन् ।

उक्त प्रतियोगिताको मुख्य निर्णायकमा राष्ट्रिय खेलकूद परिषद्का तालीम तथा प्रशिक्षण विभागका उपनिर्देशक टार्जन सुब्बा रहेका छन् भने निर्णायकहरूमा अन्तर्राष्ट्रिय निर्णायक रवीन्द्र मल्ल, नारायण बुढाथोकी, कुमार लामा घिसिङ, बबलु शिवाकोटी, नविना बुढाथोकी मगरलगायत रहेका छन ।

कार्यक्रममा निजगढ नपाकी पूर्वउपप्रमुख लीलादेवी लामिछाने, समाजसेवी शम्भुबहादुर बुढाथोकी, दिलबहादुर लामा, नवराज तिमल्सिना, महेशी कुमर, निजगढ नगर उद्योग वाणिज्य सङ्घका अध्यक्ष दीपेन्द्र श्रेष्ठ, वडाध्यक्ष स्वर्ण लामा, रामचन्द्र कटुवाललगायत सहभागी थिए। दुई दिनसम्म सञ्चालन हुने उक्त प्रतियोगिता रु ५९ लाखको लागतमा सम्पन्न हुने प्रतियोगिताका प्रेस संयोजक गुरुप्रसाद गौतमले जानकारी दिए ।

प्रतियोगितामा नेपालका सात प्रदेशसहित भारत, बङ्गलादेश, दक्षिण कोरिया, जापानका गरी १७५ जना खेलाडीको सहभागिता रहेको प्रतियोगिता आयोजक समितिले जनाएको छ ।

नेपाल तेक्वान्दो सङ्घ मधेस प्रदेशका अध्यक्ष पेमासिद्धि लामाको अध्यक्षतामा सम्पन्न कार्यक्रमको सञ्चालन भाइकाजी श्रेष्ठले गरेका थिए। यता निजगढमा अन्तर्राष्ट्रियस्तरको तेक्वान्दो प्रतियोगिताको उद्घाटन भइरहँदा निजगढ नपाका प्रमुख सुरथ पुरी, उपप्रमुख सोममाया थिङ, प्रमुख प्रशासकीय अधिकृत राजमणि निरौला सहभागी भएका थिएनन् ।

## पदक विजेता मुक्केबाज सम्मानित


सुषमा तामाङ

काठमाडौं, ४ जेठ/रासस

नेपाल लोकतान्त्रिक खेलकूद सङ्घ वाग्मती प्रदेशले एएसबिसी एशियाली यू–२२ बक्सिङ च्याम्पियनशिपका पदक विजेता खेलाडीलाई बिहीवार नगदसहित सम्मान गरेको छ ।

गत जनवरी १८ देखि २६ तारिखसम्म थाइल्यान्डको बैंककमा भएको उक्त प्रतियोगिताको महिला ४८ किलो तौल समूहमा सुषमा तामाङले रजत तथा ५७ किलो तौल समूहमा हेमा राई र ७५ किलो तौल समूहमा त्रिशा जबेगुले कांस्यपदक जितेका थिए। पुरुष ८६ किलो तौल समूहमा विजय बाटाले नेपाललाई कांस्यपदक दिलाएका थिए ।

सम्मानस्वरूप सुषमाले रु २० हजार पुरस्कार पाइन्। सुषमाले जितेको रजत पदक नेपाली बक्सिङको इतिहासमा सबैभन्दा ठूलो पदक हो । बाँकी कांस्यपदक विजेताले जनही रु १० हजार पुरस्कार पाए। झापाकी त्रिशा भने प्राविधिक कारणले कार्यक्रममा उपस्थित भइनन् ।

सो प्रतियोगिताका प्रशिक्षकद्वय दीपक महर्जन र सन्दीप श्रेष्ठ पनि जनही रु पाँच हजार नगदसहित सम्मानित भए भने व्यवस्थापक ओमनारायण श्रेष्ठलाई प्रशंसापत्र प्रदान गरी सम्मान गरिएको थियो ।

सोही अवसरमा राष्ट्रिय तथा अन्तर्राष्ट्रिय खेलाडी उत्पादनमा योगदान पुऱ्याएबापत प्रशिक्षक राजकृष्ण महर्जन र नवीन तण्डुकार पनि सम्मानित भए । उनीहरूलाई युवा तथा खेलकूदमन्त्री डिगबहादुर लिम्बू, वाग्मती प्रदेशकी सांसद मीना पराजुली, नेपाली काङ्ग्रेसकी केन्द्रीय सदस्य राधा घले, नेपाल लोकतान्त्रिक खेलकूद सङ्घ वाग्मती प्रदेशका अध्यक्ष दीपक गुरुङलगायतले नगद र प्रशंसापत्र प्रदान गरे ।

खेलकूदमन्त्री लिम्बूले खेलकूदलाई माथि उठाउन सक्दो र इमानदार प्रयास गर्ने बताए। त्यस्तै, सङ्घ वाग्मती प्रदेशका अध्यक्ष गुरुङले खेलाडीको हौसला अभिवृद्धि गर्न सङ्घले खेलाडीलाई सम्मान गरेको बताए।